वर्ष : १४, अंक : ३०, काठमाडौं, २०७५ कार्तिक ३० गते शुक्रबार 16 November 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# सत्ताका लागि मधेशी दलको राजनीति !

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशकेन्द्रित दलका नेताहरूले अहिले तराई-मधेशमा क्रान्तिकारी भाषण गर्दै जनताको भावनासँग खेलवाड गरिरहेका छन् । आफूले विगतमा गरेका कमी कमजोरीहरूबारे आत्मालोचनासमेत नगरी पुन: जनतामाझ पुगेर ठूलठूला भाषणहरू गर्दैछन् । विगतलाई हेर्ने हो भने मधेशकेन्द्रित दलका नेताहरूले अधिकांश महत्वपूर्ण मन्त्रालयहरू सम्हालिसकेका छन् । तर, जनतासँग सरोकार राख्ने एउटा पनि उदाहरणीय कार्य गरेको पाइँदैन । कृषि, शिक्षा, भौतिक पूर्वाधार तथा यातायात, सिंचाइ, सूचना तथा सञ्चार लगायतका मन्त्रालय सम्हालिसकेका छन् (तालिका हेर्नुस्) । तर, यी क्षेत्रहरूमा आफू मन्त्री हुँदा के-के गरे भन्ने कुनै जवाफ छैन ।

जहिले पनि मधेशको अधिकारका लागि आफूहरू लडिरहेको भन्ने मधेशकेन्द्रित दलका नेताहरूसँग मधेशमा विकास गर्ने वा मधेशलाई आर्थिकरूपले सम्पन्न बनाउने कुनै योजना वा दीर्घकालीन नीति छैन । मधेशको मुद्दालाई टेकेर जहिले पनि राजनीति गर्ने, मुद्दाको बार्गेनिङ्ग गरेर सरकारमा जाने बाहेक अन्य पनि कार्य गर्न सकेका छैनन् । मधेशमा विद्यमान रहेको कृषि, उद्योग, कलकारखाना, यातायात लगायतका समस्याबारे मधेशी दलहरूको एजेन्डा कहिल्यै पनि बनेन । राजनीतिक मागहरू मात्र अगाडि सारेर मधेशका समस्याहरू जहाँको त्यहीं राखेर बारम्बार सत्तामा प्रवेश पाउँदै आएका छन् मधेशवादी दलका नेताहरू ।

मधेशी जनताको मतादेशको मानमर्दन गर्दै मधेशी दलका नेताहरूले आफ्नो सत्तालोलुप्त चरित्रलाई उदाङ्गो पार्दैछन् । मधेश आन्दोलन चलिरहँदा मधेशका मागहरू सम्बोधन नभएसम्म कुनै सहमति सम्झौता नहुने भाषण गर्दै आएका नेताहरू अन्तत: सत्ताकै खेलमा लाग्दै गए । वर्तमान संविधानलाई मान्दैनौं भन्ने तर त्यहीं संविधानलाई टेकेर विभिन्न सुखसुविधा भोग गर्दै आएका छन् । सत्तालम्पट पार्टीहरूको घोर अनैतिक, अतार्किक र मधेशी जनता प्रतिको घोर कृतघ्न कार्य रहेको मधेशी बुद्धिजीबीहरूको ठहर छ ।

मधेशी जनताको हकअधिकार सुनिश्चित गर्न पटक पटक आन्दोलन गर्ने ती राजनीतिक दलको आह्वानमा १ सय भन्दा बढीले बलिदान गरेका थिए । संविधानको विरोधमा गरिएको आन्दोलनलाई आम मधेशीहरूले सहयोग पुर्‍याएर मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूलाई शक्ति प्रदान गरे । आन्दोलनलाई खेलाँची गरेर आन्दोलनको असामयिक अवसान गराएको यथार्थ सबै सामु छ । 'समग्र मधेश एक प्रदेश'को राजनीतिक माग कमजोर बनाउँदै सत्ताको राजनीति गर्नेहरू अहिले दोधारमा परेका छन् । ठूला पार्टीसँग सहकार्यताको क्रममा कहिले एक प्रदेश, कहिले दुई प्रदेश त कहिले बहुल प्रदेशको माग अगाडि सार्दै आफ्नो बालराजनीतिक चरित्र देखाउने मधेशकेन्द्रित दलको हविगत चिन्ताजनक भएको छ । मधेशी जनताको पहिचानका लागि लड्दैछु भनी दाबी गर्नेहरूको अचेल आफ्नो पहिचान र अस्तित्व गम्भीर मोडमा पुगेको छ ।

दबाब दिने अवस्थामा पुगेको मधेशकेन्द्रित राजनीतिक दलका नेताहरूले मधेशको जनतालाई जित्नु महत्वपूर्ण विषय हो । मधेशी जनतालाई जित्न यस पटक सरकारमा नजाने रणनीतिलाई सुनिश्चित गर्नु हो । मधेशका जनताको भावनाले भनेको राजनीति गर्नु हो । राजनीतिको धरातलीय यथार्थ बुझ्नु हो । यो धरातलीय यथार्थ बुझ्नु पर्ने आवश्यकताप्रति मधेशका राजनीतिक नेतृत्वले ध्यान दिनुपर्छ ।

### २०६५ सालदेखि हालसम्म मधेशी कित्ताका मन्त्रीहरू

| मन्त्रालय | मन्त्रीहरू |
|---|---|
| उपप्रधान | विजयकुमार गच्छदार, उपेन्द्र यादव |
| संघीय मामिला तथा स्थानीय विकास | विजयकुमार गच्छदार, जनकराज चौधरी |
| रक्षा | शरतसिंह भण्डारी, विजयकुमार गच्छदार, रामवचन अहिर यादव |
| गृह | विजयकुमार गच्छदार |
| सूचना तथा सञ्चार | जयप्रकाश गुप्ता, राजकिशोर यादव, सुरिता साह |
| कृषि | जयप्रकाश गुप्ता, मृगेन्द्रसिंह यादव, हरिनारायण यादव, अक्वाल अहमद शाह, नन्दन दत्त, ओमप्रकाश यादव गुल्जारी |
| आपूर्ति | राजेन्द्र महतो, सरोज यादव, विजय यादव |
| उद्योग | महेन्द्र प्रसाद यादव, दानबहादुर चौधरी, अनिल झा, खोभारी राय |
| शिक्षा | रेणु यादव, रामचन्द्र कुशवाहा, सर्वेन्द्रनाथ शुक्ल, गोविन्द चौधरी |
| स्वास्थ्य तथा जनसंख्या | राजेन्द्र महतो, सरोज यादव, रामजनम चौधरी, मो. मुस्ताक आलम, उपेन्द्र यादव, डा.सुरेन्द्र यादव |
| परराष्ट्र | उपेन्द्र यादव |
| श्रम तथा यातायात | इस्तियाक राइन, सरिता गिरी |
| भौतिक योजना तथा निर्माण | विजयकुमार गच्छदार, हृदयेश त्रिपाठी, ईश्वर दयाल मिश्र, संजय साह, करिमा बेगम, कलावती देवी पासमान |
| कानून तथा न्याय | बृजेश गुप्ता, काशी देवी झा |
| महिला, बालबालिका तथा समाज कल्याण | सर्वदेव ओझा, रामवचन यादव अहिर, दानबहादुर चौधरी, अरविन्द साह |
| पर्यटन तथा नागरिक उड्डयन | शरतसिंह भण्डारी, शत्रुधनसिंह कोइरी, जितेन्द्र नारायण देव, सुमित्रा थरुनी |
| सिंचाइ | महेन्द्र प्रसाद यादव, रमणी राम |
| युवा तथा खेलकुद | गणेश नेपाली, चन्दा चौधरी |
| विज्ञान, प्रविधि तथा वातावरण | हेमराज तातेड, दुर्गा देवी महतो |
| विना विभागीय | लक्ष्मण लाल कर्ण, राजलाल यादव |
| वन तथा भूसंरक्षण | वकिल मुसलमान, लक्ष्मण मेहता |
| भूमिसुधार | गोपाल दहित, यशोदा लामा |
| सहरी विकास | मो.इस्तियाक राई |

### को कति पटक भए मन्त्री ?

६ पटकसम्म मन्त्री भएका

१. विजयकुमार गच्छदार

तीन पटकसम्म मन्त्री भएका

१. राजेन्द्र महतो
२. महेन्द्र यादव
३. उपेन्द्र यादव

दुई पटकसम्म मन्त्री भएका

१. शरतसिंह भण्डारी
२. जयप्रकाश गुप्ता
३. मो.इस्तियाक राई
४. रामवचन यादव अहिर
५. सरोज यादव
६. दानबहादुर चौधरी

एक पटक मन्त्री भएका

१. राजकिशोर यादव
२. सुरिता साह
३. मृगेन्द्रकुमार सिंह यादव
४. हरिनारायण यादव
५. अकबाल अहमद शाह
६. नन्दन दत्त
७. ओमप्रकाश यादव गुलजारी
८. विजय यादव
९. अनिल झा
१०. खोभारी राय
११. रेणु यादव
१२. रामचन्द्र कुशवाहा
१३. सर्वेन्द्रनाथ शुक्ला
१४. गोविन्द चौधरी
१५. सरिता गिरी
१६. इश्वरदयाल मिश्र
१७. संजय साह
१८. करिमा बेगम
१९. कलावतीदेवी पासवान
२०. बृजेश गुप्ता
२१. काशीदेवी झा
२२. सर्वदेव ओझा
२३. अरविन्द साह
२४. शत्रुधनसिंह कोइरी
२५. रमणी राम
२६. गणेश नेपाली
२७. चन्दा चौधरी
२८. हेमराज तातेड
२९. दुर्गादेवी महतो
३०. लक्ष्मण लाल कर्ण
३१. राजलाल यादव
३२. वकिल मुसलमान
३३. लक्ष्मण मेहता
३४. हृदयेश त्रिपाठी
३५. रामजनम चौधरी
३६. मो. मुस्ताक आलम
३७. गोपाल दहित
३८. जितेन्द्र नारायण देव
३९. जनकराज चौधरी
४०. सुमित्रा थरुनी
४१. यशोदा लामा
४२. डा.सुरेन्द्र यादव

## 'शहीदहरूको सपना साकार पार्न सरकार तत्पर'



जलेश्वर । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले शहीदहरूको सपना साकार पार्न प्रदेश सरकार तत्पर रहेको बताएका छन् । महोत्तरीको जलेश्वरस्थित शहीद बाटिकामा मधेश आन्दोलनका शहीदहरूको प्रतिमा अनावरण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले शहीदहरूको बलिदानीकै कारण मुलुकमा संघीयता स्थापित भएकोले उहाँहरूको सपना साकार पार्न प्रदेश सरकार पछि नपर्ने प्रतिवद्धता जनाए । शहीदहरूको योगदानलाई चर्चा गर्दै उनले शहीदहरूले देखाएको बाटोमा आफूहरू सदैव हिंडिरहने उल्लेख गरे । जलेश्वरनाथ नगरपालिकाका मेयर रामशंकर मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा राजपा अध्यक्ष मण्डलका संयोजक एवं संघीय सांसद महन्थ ठाकुर, राष्ट्रिय सभा सदस्य वृषेश चन्द्र लाल, राजनीतिक विश्लेषक सिके लाल, मुख्यन्यायाधिवक्ता दिपेन्द्र झा सहितका वक्ताहरूले सम्बोधन गरेका थिए । तेस्रो मधेश आन्दोलनका क्रममा महोत्तरीमा सहादत प्राप्त गरेका गणेश चौधरी, रोहन चौधरी, विरेन्द्र विच्छा, अमित कापर, राम शिला मण्डल, राम विवेक यादवको शालीक निर्माण प्रदेश २ का मुख्यन्यायधिवक्ता दिपेन्द्र झाको आर्थिक सहयोगमा भएको हो ।

## राउत सर्वोच्चमा उपस्थित



काठमाडौं । अलग मधेश राष्ट्र निर्माणको अभियान चलाइरहेका स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतलाई बिहीबार सर्वोच्च अदालतमा उपस्थित गराइएको थियो । राउतलाई प्रहरीले असोज २१ गते रौतहटबाट पक्राउ गरेको थियो । राज्य विप्लवकै मुद्दामा तारेख लिन रौतहट जिल्ला अदालतमा उपस्थित प्रहरीले पुन: उनलाई पक्राउ गरेको थियो । राज्य विप्लवको मुद्दामा रौतहटबाट पक्राउ परेका सिके राउतलाई बिहीबार सर्वोच्च अदालतमा उपस्थित गराइएको छ । बन्दीप्रत्यक्षीकरण रिट दायर भएपछि सर्वोच्च अदालतले ५ दिनभित्रै अदालतमा उपस्थित गराउन आदेश दिएको थियो । बिहीबार उक्त मुद्दामा बहस भएपनि फैसला शुक्रबार मात्रै आउने सर्वोच्च स्रोतले जनाएको छ । उनलाई अदालतमा प्रस्तुत गराउन मागसहित बन्दीप्रत्यक्षीकरण रिट दायर भएपछि प्रहरीले सर्वोच्चमा उपस्थित गराएको हो ।




समय-सन्दर्भ

संगीता रेग्मी



## राजनीतिले तोडेको सम्बन्ध जोड्दै छठ

**मधेशी जनताले अधिकार नपाउनुमा पहाडका र हिमालको जनतालाई दोष दिनु हुँदैन । छठ पर्वले मधेशी र पहाडी समुदायलाई जोड्न सेतुको काम गर्नु आफैंमा सकारात्मक हो ।**

श्रद्धा भक्ति र साझा संस्कृतिको रूपमा मनाइने छठ पर्व सकिएको छ । दशैं, तिहार जस्ता चाडपर्वको लगत्तै पर्ने छठ पर्व एक अहिंसात्मक र विशेषत सुर्यको आराधना गरेर मनाइने पर्व हो । सबै चाडपर्वको आफ्नै परम्परा रहेका हुन्छन् छठ पर्व पनि परम्परादेखि चल्दै आएको हो । अहिले यस पर्वको स्वरूप केही फेरिएको छ भने यो पर्व मनाउनेहरूको संख्या वृद्धि हुँदै गएको छ । विगतमा विशेषत: मिथिला र भोजपुरामा मनाउने गरिएको छठ पर्व अहिले पहाडी जिल्ला लगायत विभिन्न सहरहरूमा पनि मनाउन थालिएको छ ।

काठमाडौंमा रहेर एउटा नीजि कम्पनीमा काम गर्दै आएकी विराटनगरकी प्रतिमा बास्तोला तिहारमा घर जाँदा छठसम्मको बिदा लिएर गईन् । तिमीहरू पनि छठ मनाउँछौं र भन्ने मेरो जिज्ञासामा केही मधेशी समुदायको उपस्थिती रहेको विराटनगरमा सबैजना मिलेर छठ मनाउने गरेको उनले बताइन् । विगत ६ वर्षदेखि काठमाडौं बस्दै आएकी बाग्लुङकी मिना पन्थी हरेक वर्ष काठमाडौंको कमलपोखरीमा गएर छठी माताको पुरा गर्ने गरेको बताउँछिन् । कुन समुदायले मनाउने कुन समुदायले नमनाउने भन्दा पनि आस्था मुख्य हो पन्थी भन्छिन् । सन्तानको लामो आयुका लागि छठको व्रत लिने गरेको र छठी माइले आफ्नो मनोकामना पुरा गरेको हुनाले छठ पर्वमा पन्थीको असाध्यै आस्था र विश्वास छ ।

साहित्यकार डा. राजेन्द्र बिमल भन्नुहुन्छ यो पर्व त वर्षौं पुरानो हो । हाम्रो समयमा सूर्यको पुजा गरिन्थ्यो मुर्तीको चलन थिएन अहिले विभिन्न ठाउँमा छठ पञ्मेश्वरी भनेर मुर्ती पनि बनाउने गरिएको देखिन्छ । पहिले भन्दा पुजा गर्ने विधिमा पनि परिवर्तन आएको छ, देखावटी गर्ने प्रवृति बढ्दै गएको छ यो राम्रो होईन । मौलिकताको नाममा देखासिकीपन हाबी भएको हामीले महसुस गरेका छौं । अहिले यो पर्व पहाडी समुदायले पनि मनाउन थाल्नुभएको छ यो धेरै राम्रो हो ।

हरेक चाडपर्वका राम्रो र नराम्रा पक्षहरू रहेका हुन्छन् । हामीले राम्रो पक्षलाई पुस्तान्तरण गर्दै नराम्रो पक्ष हटाउँदै जानुपर्ने हुन्छ । छठ एउटा त्यस्तो पर्व हो जुन सबै जात, वर्ग, धनी, गरीबले समान रूपमा मनाउने गर्दछन् पाइन्छ यसमा कुनै भेदभाव हुँदैन । तराई/मधेसमा बस्ने पहाडी मूलका अधिकांशले पनि छठ पर्व मनाउन थालेकाले यो पर्वले मधेशी र पहाडीलाई जोड्ने काम पनि गरिरहेको छ ।

राजनीतिक हिसाबले पहाडी र मधेशी भनेर दुई ध्रुवमा बाँडिने गरेको समुदायलाई छठ पर्वले एक ठाउँमा ल्याउने गरेको संकृतिविद्हरू बताउँछन् । संविधानमा मधेशको माग सम्बोधन नभएको भन्दै लामो समयदेखि मधेशको मुद्दा उठाउँदै आएका राष्ट्रिय जनता पार्टी नेपाल र फोरम नेपाल अहिलेसम्म मधेशी जनताको अधिकारका लागि आन्दोलनमै छौं भन्छन् । जनताका माग उठाउँदै आएका छौं भन्ने यी दलहरूले मधेशी र पहाडी समुदाय मिलेर छठ पर्व मनाइरहँदा हामीले आफ्नो स्वार्थ पुरा गर्नकै लागि यी समुदायलाई छुट्याइरहेका त छैनौं भन्ने बुझ्न जरूरी छ ।

अधिकारबाट बञ्चित मधेशी समुदायलाई अधिकार दिलाउनुपर्छ र संविधानमा रहेको त्रूटि संशोधन गर्नुपर्छ । तर, मधेशी जनतालाई अधिकार बिहिन पार्न पहाड र हिमालका जनताको भूमिका भन्दा पनि राज्य संयन्त्रको कमजोरीपना हो त्यसैले जनता फुटाएर होईन जुटाएर नै मधेशी समुदायलाई अधिकार सम्पन्न बनाउनु अहिलेको आवश्यकता हो । मधेशी जनताले अधिकार नपाउनुमा पहाडका र हिमालको जनतालाई दोष दिनु हुँदैन । छठ पर्वले मधेशी र पहाडी समुदायलाई जोड्न सेतुको काम गर्नु आफैंमा सकारात्मक हो ।



## सम्पादकीय



# राजपाको राजनीति

मधेशमा अहिले शून्यताको अवस्था छ । छ महिनासम्मको नाकाबन्दी जस्तो कठोर आन्दोलन बिना निष्कर्षमा टुङ्गिदा पनि मधेशी जनता हार मानेनन् । मधेशको नाममा राजनीति गर्ने दलहरू राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरम नेपालको अस्पष्ट धार र धारणाका कारण मधेशमा फेरि आन्दोलन गर्ने धम्की दिनु आफैमा हास्यास्पद छ । मधेशकेन्द्रित दलहरूको धार, धारणा र धरातल स्पष्ट नहुँदा मधेशमा यिनीहरूको विकल्प खोज्न सुरू भएको छ । राजपाले बेला-बेला आन्दोलन गर्ने चेतावनी दिँदै आएको छ । तर, आन्दोलनका पूर्वाधारहरू तयार गर्न सकेको छैन । बार्गेनिङ्ग नमिल्दा आन्दोलन गर्ने भनेर मधेशको मुद्दाहरू चर्को श्वरमा उठाउन थाल्ने गरेको विगत साक्षी छ । राजपाले छठपछि समर्थन फिर्ता लिएर आन्दोलन गर्ने भनेर शीर्ष नेताहरूले सार्वजनिक कार्यक्रमहरूमा उद्घोष गर्दै हिंडेका छन् । राजपाले सरकारलाई समर्थन गर्नु र फिर्ता लिनुको खासै अर्थ राख्दैन । यस विषयमा पनि राजपाभित्र विवाद देखिएको छ । अध्यक्षमण्डलकै कसैले अहिले समर्थन फिर्ता लिने बेला भएको छैन भनेर भनिरहेका छन् भने कसैले फिर्ता लिएर आन्दोलनमा गइहाल्नुपर्छ भन्ने तर्कहरू गरिरहेका छन् । राजपाले सरकारलाई समर्थन गरेर बनाएको गठबन्धन नै अप्राकृतिक भएको साबित भइसकेको छ । तत्कालीन एमालेविरूद्ध संघर्ष गरेको राजापाले उसैलाई समर्थन गरेर गठबन्धन बनाउनु

**राजपाले आफ्नो राजनीतिक भविष्य सुरक्षित गर्न र मधेशी जनताको मन जित्न सक्ने परिपक्क निर्णय गर्नु आवश्यक छ। चर्को भाषण गरेर आन्दोलन हुने अब सम्भव छैन।**

अप्राकृतिक नै हो । निर्वाचनका बेला राजपाका नेताहरूले एमालेलाई मधेशबाट पत्ता साफ गर्छौं, बिदाई गर्छौं लगायतका भाषण ठोकेका थिए । तर, आज उनै नेताहरू विभिन्न बार्गेनिङ्गमा लागेका थिए । बार्गेनिङ्ग नमिल्दा आन्दोलनको धम्की दिनु आफैमा दोधारे चरित्र हो । आन्दोलनमै गयो भने जनताले कुन आधारमा विश्वास गर्ने भन्ने कुराको राजपाले समीक्षा गर्न जरूरी छ । अर्का आन्दोलनकारी दल फोरम नेपाल सरकारमा छ । उसले जे कुराका लागि सरकारमा गएको थियो त्यो मुद्दा अहिले गौण अवस्थामा छ । उसको क्रियाकलापलाई मधेशी जनताले नियालिरहेका छन् र स्पष्ट छन् कि उसको उद्देश्य एक मात्र थियो सत्तामा प्रवेश । फोरमको राजनीतिक यात्रा स्पष्टरूपमा रहेको छ । जनताले पनि बुझेका छन् कि फोरम केका लागि राजनीति गर्दैछ । तर, राजपामाथि जनताको केही हदसम्म विश्वास र आशा थियो त्यो पनि विस्तारै हट्दै गइरहेको छ । राजपासँग दम छैन दम्भ मात्र छ, धम्कीको राजनीतिले मधेशको माग पूरा हुँदैन । द्विविधामा बसेर सुविधा मात्र लिने नेताको कारण राजपा पतनतिर लाग्न थालेको आम बुझाई छ । जनतालाई सधैं ढाटेर राजनीति गरेकाले यीनै नेताका विरूद्ध जनताले अर्को आन्दोलन गर्ने एक किसिमको वातावरण पनि तयार हुँदै गइरहेको छ । अब राजापाले धम्कीको राजनीति छोडेर सरकारलाई दिएको समर्थन फिर्ता लिनुभन्दा समर्थन जारी राखेर आफ्ना माग पूरा गराउने तर्फ लाग्नु नै उत्तम हुनेछ । राजपाले आफ्नो राजनीतिक भविष्य सुरक्षित गर्न र मधेशी जनताको मन जित्न सक्ने परिपक्क निर्णय गर्नु आवश्यक छ । चर्को भाषण गरेर आन्दोलन हुने अब सम्भव छैन । मधेशका जनता बडो सम्वेदनशील छन् र त्यो सम्वेदनशीलताको ख्याल गरिएन भने राजपा जस्ता दलहरू समाप्त हुने निश्चित छ । मधेशमा उठ्ने गरेका अलगाववादी श्वरहरू मधेशकेन्द्रित दलहरूमाथि हावी हुँदै गइरहेको छ । राजपा र फोरम दुवैका लागि यो चिन्ताको विषय हो । एउटा मधेशकेन्द्रित दल मधेश मुद्दालाई विसर्जन गर्‍यो भन्ने तर्क गरिँदै छ भने अर्को दल राजपामा द्रव्यवाद, परिवारवाद, हावी हुँदै गइरहेको छ । तसर्थ, जनभावना र मतादेशको कदर गर्दै उपयुक्त निर्णयमा पुग्नु नै राजपाको राजनीतिक परिक्कता हुनेछ । रणभुल्लमा पर्नु हुँदैन ।

## सातको सात बात



अहिले पार्टीभित्र सभापति को बन्ने भन्ने कुराको बहस छैन । पार्टी निर्वाचनमा के कारणले हार्‍यो, अब यसलाई कसरी उठाएर सुधारेर लैजाने भन्ने चिन्ता छ । गच्छदारजीलाई उपसभापति बनाउने कुरा दलभित्र सहमती भएपनि विधान र प्रक्रिया गलत भयो । **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**



समृद्ध नेपाल, सुखी नेपाली बनाउने मैले र मेरो पार्टीले देखेको सपना साकार गराउने बाटोमा सरकार अघि बढेको छ । नेपाली कांग्रेस प्रतिपक्षमा नै रहने र मधेशी दलले गरेको समर्थन फिर्ता नहुने भए सरकारलाई केही फरक पर्दैन । **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



दुवै देशका प्रधानमन्त्रीसमक्ष इपीजीको प्रतिवेदन पेश हुनेछ र त्यसको कार्यान्वयन पनि हुनेछ । नेपाल-भारत सम्बन्ध २१ औं शताब्दी सुहाउँदो बनाउन त्यसलाई पुन: परिभाषित एवं पुन: संरचना गर्न नै यो समीति बनेको थियो । **प्रदिप ज्ञवाली, परराष्ट्रमन्त्री**



समृद्धिको आधार भनेकै सामाजिक एकता हो । मधेशको घटनामा आधारित भएर बन्ने चलचित्रले मधेशी समाजको रूपान्तरणमा सहयोग गर्नुका साथै सामाजिक एकता मजबुत बनाउँदै लैजान्छ । **रत्नेश्वरलाल कायस्थ, प्रदेश प्रमुख, प्रदेश २**



कर्मचारीतन्त्रका कारण संघीयता कार्यान्वयनमा समस्या उत्पन्न भएको छ । हामी लामो संघर्षबाट राजनीतिक स्थायित्व दिन सफल भएका छौं तर कर्मचारीतन्त्र प्रदेश र स्थानीय तहमा जान नमान्दा समस्या उत्पन्न भयो । **पम्फा भुसाल, स्थायी कमिटी सदस्य, नेपाल कम्युनिष्ट पार्टी**



धर्म, संस्कृति र परम्परा नेपालको पहिचान हो । नेपाली लोकसंस्कृति, धर्म र परम्पराको माध्यमबाट पर्यटन प्रवर्द्धनमा टेवा पुग्न सक्छ । छठ पर्वलाई साझा पर्वको रूपमा मनाउन थालिएको छ यो पर्वले तराई र पहाड जोड्ने काम गर्छ । **डोरमणी पौडेल, मुख्यमन्त्री, प्रदेश ३**



संविधानले दिएको अधिकार ओली सरकारले रोक्न सक्दैन । प्रदेश २ को सरकार सरकार संविधान विपरीत जाँदैन । संविधानभित्र रहेर सरूवा बढुवादेखि कर्मचारी नियुक्ति गर्छौं । **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**

# छठ पर्वको सर्वव्यापकता र नश्लवादी राज्य



**सन्तोष मेहता**

**यस्तो साझा संस्कृतिको रूपमा ब्यापकता ग्रहण गर्दै गैरहेको छठ महापर्वको सरकारले राष्ट्र बिदा सम्म घोषणा गर्न नसक्नु भनेकै एकल जातीय नश्लवादतिर उन्मुख हुनु हो।**

छठ पर्व नेपालको दक्षिणी र भारतका उत्तरी क्षेत्रमा हिन्दूहरूले मनाउने एक महत्वपूर्ण लोक पर्व हो । यो पर्वमा छठी माइको आराधना गरी पुत्र, पति र परिवारको कल्याणको र आरोग्यको कामना गर्ने गरिन्छ । नेपालको विशेष रूपले तराई(मधेश) क्षेत्रमा श्रद्धा एवं भक्तिपूर्वक यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरूषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ । चार



दिनसम्म मनाइने यस पर्वमा सम्पूर्ण शक्तिको स्रोत सूर्यको उपासनाको पहिलो दिन नुहाएर चोखो भई खाने, दोस्रो दिन खर्ना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ दिएपछि विधिवत्रुपमा सम्पन्न हुने गर्दछ । परम्परानुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ दिई पूजा विसर्जन गरिन्छ । यस पर्वमा मुस्लिम समुदायका व्यक्तिले पनि सहभागी हुन्छ र यो पर्व विधिवत मनाउँछ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तान सुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ । अरूवा, सुथनी, बेसार, भन्टा, नेवो, नारियल, ऊखू, तरकारी जस्ता कृषि उत्पादन नैवेद्यको रूपमा चढाउने गरिन्छ । छठ अवधिभरि माछा, मासु, लसुन, प्याज, कोदो, मसुरो, उसानाको चामललगायतका खाद्य वस्तु प्रयोग गर्न निशेष गरिएको हुन्छ । छठ पर्व मनाउनुको पछाडी अनेक लोक एव देब कथाहरू प्रचलित नभएको होइन तर यो आलेखमा छठ पर्वको अलिक फरक पाटोबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

हिन्दु धर्ममा कुनै न कुनै प्रतिमा स्वरूपको आराधना गर्ने प्रचलन हुदा आजकल कहिँ कतै छठी माइ भन्दै दुर्गा देवीझैं स्त्री स्वरूपको देबीको कल्पना गरि मुर्ति बनाउने चलन छ भने कहिँ गंगा देवीको प्रतिमा त कहिँ सुर्य देवको स्वरूप बनाई पुजा अर्चना गर्ने चलन छ वास्तवमा छठ पर्वमा कुन प्रतिमाको पुजा गर्ने त्यसमा एकरूपता भन्ने छैन । त्यसैगरी छठ पर्वको केहि बिषयहरू अत्यन्त उल्लेखनीय छ जस्तै पन्चतत्व सूर्य, जलासय, स्थल/पृथ्वी, अग्नि, वायुको एकसाथ उपासना गर्नु, अरू पुजा वा अनुस्ठानमा पुरोहितको आवश्यकता भए झैं छठमा पुरोहित वा कर्मकाण्ड नहुनु, स्थानीय समाज/वर्ण/जातिहरूद्वारा उत्पादित बस्तु, कृषकद्वारा उत्पादित सात्विक अन्न, कन्दमुल फलफुल आदिको प्रयोग हुनु, पकवान एव मिठाईमा पनि अरू पूजाआजामा प्रयोग हुने आधुनिक मिठाई होइन ठेकुवा, भुसवा जस्ता लोक पाकवान एव मिठाईको प्रयोग आदिले हामि भन्न सक्छौ कि यो पर्व सभ्यता पुर्व कै पर्व हो ।

मानिस जब ढुङ्गे युगबाट कृषि युगमा प्रवेश गर्दै थियो सम्भवत त्यस बेला मानिस या त प्रकृतिको पुजा गर्थे या त आफूलाई हराउनेलाइ देवत्वको स्वरूप दिन बाद्य हुन्थे । हो यहि युगमा जब समाज थोरै संगठित हुन् थालेको हुनुपर्दछ, मानिसहरूलाई बाँच्नको निम्ति आवश्यक अन्नापात उब्जनीको निम्ति आवस्यक पन्चतत्वलाई धन्यवाद दिनको निम्ति एकसाथ दिन-रात, सुर्य-चन्द्र, अग्नि, पृथ्वी, वायु र जलको समागम भएको बखत आफुले उब्जाएको अन्नबाली अखण्डितरूपमै पुजा सामग्रीको रूपमा प्रयोग गरि पुजाको लोक परम्परा अगाडी बढेको हुनुपर्दछ । गवडी धान (साठी) सुथनी, अदुवा, बोडी हल्दी, केराको थम्बा, गहुँ, उखु, मुला, गाजर, अन्य कन्दमुल बोटसहित तथा केरा, सखर(मिठ्ठा), कागती, सुन्तला, नरिवल, बोगटी लगायतका फलफुल खण्डित नगरिकन पुजा सामग्रीको रूपमा प्रायोग गरिन्छ । भुसुवा जस्तो मिठाई काचो अन्नबाट तयार पारिन्छ भने आवस्यक हुने कोनिया, दाउरा, सुप काचो बासबाट स्थानीय डुम जातिका श्रमिकहरू द्वारा तयार परिन्छ । धागो बधि जस्ता सामग्री पनि स्थानीय समाजमै खासगरी माली जातिका श्रमिक अथवा लहेरी जातिका मुस्लिमहरूद्वारा तयार पारिएको हुन्छ । माटाका भाडाकुडा स्थानीय कुम्हाल जातिकाले तयार पार्छन अर्थात् वर्ण ब्यबस्था अन्तर्गत रहेको समाजको कथित तल्लो बर्णको प्रत्यक्ष सहभागितामा यो महापर्वको अनुष्ठान हुन्छ । सायद समाजमा बर्ण ब्यबस्था प्राम्भिक अवस्थामै रहेको बखत यो पर्व ब्यापकता पाई सकेको हुनु पर्दछ । तसर्थ लोकपूजा छठी-व्रत आदिपूजा हो र सभ्यता संस्कृतिको साथै धेरैजसो अन्न र खाध-पदार्थको प्रचलन ठीक ढंगले नभएको अवस्थाको रहेको बुझिन्छ । प्रकृति बिना जीव सम्भव छैन, प्रकृतिको महत्व, प्रकृति प्रतिको आस्था र सरक्षण यहासम्म कि कुनै पनि जीव हत्या निषेध गर्न छठ पर्व सिकाउछ । मानव र प्रकृतिबीचको सम्बन्धलाई छठले प्रत्येक वर्ष प्रगाढ बनाउँदै आइरहेको छ ।

अर्को महत्वपूर्ण प्रश्न के हो भने, आखिर मधेश, बिहार या आसपासको क्षेत्रमै छठ किन ? र यो पर्वको सर्वव्यापकता को राज के हो ? के छठ पुजा भनेको सुर्यको उपासना हो त ? यो प्रस्नको उत्तर खोज्दा हामी के पाउछौ भने आर्यावर्तको इतिहासमा शैव, वैष्णव, शाक्त, गाणपात्य एव सौर्या सम्प्रदायका मानिसहरू पाउछौ । पछि तिनीहरूलाई नै हिन्दु भनिएको हो । साम्ब पुराण अनुसार यी उल्लेखित पाँच सम्प्रदायमध्ये सौर्य सम्प्रदाय प्राचिन र पहिलो हो । हालको इरानबाट आएको शाकलद्वीपी ब्राह्मण बिहार को मगध र भोजपुर इलाकामा र केही मात्रामा पूर्वी उत्तर प्रदेश र नेपालको तराई मधेशमा यिनीहरूको बसोबास रहेको छ । यिनीहरू सुर्यका उपासक थिए, सौर्य सम्प्रदायका थिए । पछि पटना राजधानी भएको मगध साम्राज्यको राजाहरू पनि सौर्य सम्प्रदायका नै थिए । यहिनिर उल्लेख गर्नुपर्ने अर्को महत्वपूर्ण बिषय के हो भने सुर्यको आराधना बौद्ध धर्म संग पनि संबंधित छ । सूर्य, बौद्ध र हिंदू परंपराहरूमा पनि पाउछ त्यसैले मगध साम्राज्य भित्र या भनौ बारह जनपद रहेको मधेश गणराज्य भित्र असख्य सुर्य मन्दिरहरूको श्रीखला पाइन्छ । त्यसैले सुर्य उपासना संग सम्बन्धित पर्व छठ पर्व भारतको बिहार, झारखण्ड, पूर्वी उत्तर प्रदेश र नेपालको मधेश क्षेत्रमा परम्परागत रहेको छ । अर्को महत्वपूर्ण कुरा छठ पर्व भनेको केवल सुर्यको मात्र उपासना होइन त्यसो भएको भए कर्मकाण्डी विधिले पुरोहितद्वारा सूर्योपासना गरिन्थियो तर छठ त लोकाचारको रूपमा मनाईने पर्व हो यस पर्वमा एकै साथ सुर्य(चन्द्रमा, आगो(पानी, पृथ्वी(वायुको आराधना एव उपासना गरिन्छ । त्यसैले कहिँ सुर्य देवताको त कहिँ गङ्गा मैया त कहिँ छठी मैयाको प्रतिमा बनाइ पुजा गरिएको हो । बास्तवमा छठ पुजा भनेको मुर्ति पुजा वा कुनै आकृतिको पुजा होइन सुर्य उर्जाको बिम्ब, जलको स्वछान्द्ताको लहर, प्राण( वायुको बेग, अग्नि देवताको तेज र धर्ति माताको ममताको एकसाथ पुजा, उपासना एव आराधना हो । छटी माइ भनेको पनी यी सम्पूर्ण बिम्ब, लहर, बेग, तेज र ममताको समागम स्वरूप तथा प्रतिबिम्ब हो । सायद मुर्ति पुजा एव कर्म काण्ड नभएरै होला मुस्लिम लगायत हिन्दु बाहेकमा पनि साझा पर्वको रूपमा सर्वब्यपक्ता पाउदै गएको हो ।

प्राचिन मधेश/मगध क्षेत्रमा बाल-बालिका जन्मेको छठौं दिनमा प्रत्येक सुत्केरी आमाले अनिवार्य रूपमा छठियार पुज्ने गर्छिन् । लोक विश्वास छ कि छठिमैयाले बालकको भाग्य-भविष्य त्यसैदिन लेख्ने गर्छिन् । अर्को नवजात शिशु, शिशु अवस्थामा निदाएपछि, निन्द्रावस्थामा यिनै छठिमैयाको न्यानो काँखमा हुने गर्दछन् र यी मैयाले शिशुको माया-दुलार गरी हर्ष-आनन्द प्रदान गर्ने गर्छिन्,भन्ने मान्यता छ । यो मातृशक्तिप्रतिको श्रद्धा हो । छठ मात्र यस्तो अनुष्ठान हो, जसमा छोरीको कामना गरिन्छ । छठी माईको गीतमा यसको स्पष्ट झझल्को पाइन्छ ।

सूर्यलाई भौतिक उर्जा, प्रकाश, आरोग्य, उपासना, आत्मोत्कर्ष, चतुष्प्रद फल, मोक्ष प्राप्ति, आयु, प्राण, आत्मोन्नति, ब्रह्मचर्य तथा श्रद्धाको उदीयमान प्रतिक मानिन्छ । सौर्य-शक्तिलाई जन्म दिने जननीको प्रतिक पनि मानिन्छ। जीवन, जगत, प्रकृति, वनस्पति, ग्रहनक्षत्र, संवतसर, समय, काल सबैका कार्यकारक सूर्य नै हो । धर्ति हामी सबैको माता हो । ममता, सहनशीलता एव जीवनको प्रतिक हो । अग्नि उर्जाको स्रोत हो भने बायु प्राण हो । जल जीवन हो त्यसैले छठी माइको उपासना भनेको आदित्य, जीवन, उर्जा-शक्ति उत्पत्ति गर्ने आमाको रूपमा सम्पूर्ण उपासना गर्नु हो । छठी माइ भनेको प्रकृति देबी हुन् छठ पर्व भनेको किसानहरूको पर्व हो । छठ पर्वमा पुजाको समाप्ति पछि घाटमा कतिपयले आचल थापेर प्रसादी माग्नेर भिख माग्ने भाकल गरेका हुन्छन । अरू बेला अछूत भनेर तिरस्कार गर्ने समाजका कुलीन वर्गकाहरू पनि बाटोको छेउमा अँचरा (आँचल) थापेर प्रसाद माग्छन् र प्रसाद जुनसुकै जातजातिको होस, आँचलमा पर्यो भने त्यसलाई पवित्र मानेर ग्रहण गर्छन् । यसले के प्रमाणित गर्छ भने हाम्रो समाजलाई एकताको सूत्रमा बाँध्न यस्ता पर्वहरूको ठूलो योगदान छ । सम्पूर्ण परिवार या भनौ समाजका हरेक तप्का कुनै न कुनै रूपमा समिलित रहेको यो पर्वको रूपमा अन्त्यमा यति भन्न सकिन्छ कि छठ पर्व समाजिक समरसता र उदारता को ठुलो प्रतीक पर्व हो र शायद यहीं यसको लोकप्रियताको कारण पनी हो । बहुसांस्कृतिक, बहुभाषिक र बहुजाति समाजलाई समेटन सफल समावेशी पर्व छठ पर्तीको आस्था अब पडाड र हिमाल उक्लेको छ । यस्तो साझा संस्कृतिको रूपमा ब्यापकता ग्रहण गर्दै गैरहेको छठ महापर्वको सरकारले रास्ट्र बिदा सम्म घोषणा गर्न नसक्नु भनेकै एकल जातीय नश्लवादतिर उन्मुख हुनु हो । मधेशको संस्कृति र समग्र नेपालको आस्थाको प्रतिक छठ महपर्व प्रति शाशक उदासिन हुनुको एउतै अर्थ हो कि यो उनीहरूको पहिचानको संस्कृति होइन । जेहोस्, आगामी दिनमा मधेशको पहिचानको संस्कृतिलाई स्वीकार्ने क्षमताको विकास होस् ।

*(मेहता राजपा नेपालका प्रवक्ता हुन् ।)*

# हामी आन्तरिक उपनिवेशभित्र बाँचिरहेका छौं

**यो देशमा आन्तरिक उपनिवेश भित्र हामी बाँचिरहेका छौं । हामीले हरेक साना ठूला उपलब्धि प्राप्त गर्न आन्दोलन नै गर्नुपर्छ । यो बहिरो सरकारले हामीलाई जसरी दुःख दिइरहेको छ हाम्रो कुरा सुनिरहेको छैन, अन्य कुनैपनि देशमा यस्तो भएको छैन ।**



**रमेश यादव**

**राष्ट्रियसभा सदस्य, राष्ट्रिय जनता पार्टी नेपाल**

**० छठपछि राजपा नेपाल आन्दोलनमा जाने भनेको थियो, तयारी कस्तो छ ?**

– राजपा नेपालले यो सरकारलाई मुख्यतः संविधान संशोधन गर्छ भनेर समर्थन दिएको हो । शोषित, पीडित आदिवासी जनजाति लगायत मधेशका मुद्दाहरू जुन संविधानमा छुटेको छ त्यो सबैलाई समेट्ने गरी संविधान संशोधन हुन्छ भनेर नै यो सरकारभन्दा बाहिर बसेर नै सरकारको समर्थन गर्दै आएका छौं । केपी ओली नेतृत्वको सरकारले पनि हामीलाई संविधान संशोधन गर्छौं भन्ने विश्वास दिलाएको थियो । समय–समयमा राजपा नेपालले संविधान संशोधनका लागि सरकारलाई दबाब पनि दिँदै आएको छ तर सरकारले खासै वास्ता गरिरहेको छैन । त्यसैले अब आन्दोलनमा जानुको विकल्प छैन । हाम्रो मुद्दालाई संविधानमा सुनिश्चितता दिलाउनका लागि भएपनि हामी बाध्य भएर आन्दोलनमा जानैपर्छ । अब हामीले पार्टी भित्र बैठक बसेर कसरी अगाडि बढ्ने भनेर चरणबद्ध आन्दोलनको घोषणा गर्छौं ।

**० सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनमा जाने भन्नेमा तपाईहरू निष्कर्षमा पुगिसक्नुभएको छ ?**

– यो सरकारको व्यवहार हेर्दा हाम्रो सम्बोधन हुने अवस्था देखिँदैन । त्यसैले अब हामीसँग आन्दोलनबाहेक अर्को विकल्प पनि छैन ।

**० प्रदेश २ को सरकारबाट पनि बाहिरिनुहुन्छ कि ?**

– प्रदेश २ मा जनताको म्यान्डेटअनुसार हाम्रो सरकार बनेको हो । प्रदेश २ मा राजपा नेपाल र फोरम नेपालको जुन सरकार बनेको छ त्यो त प्रदेशअन्तर्गत भयो । प्रदेश सरकारले देशको संविधान निर्माण गरेको होइन, यो सरकार मधेशी जनताको अधिकार स्थापना गर्नकै लागि निर्माण भएको हो । संविधानसभाबाट बनेको संविधान संशोधन हुनुपर्छ भन्ने हाम्रो मागमा प्रदेश सरकारलाई जोड्न मिल्दैन जस्तो लाग्छ । यी दुई फरक विषय हुन् ।

**० एकातिर यही सरकार भित्र रहेर सुखसुविधा पनि लिने, तलबभत्ता पनि खाने अर्कोतिर सरकारकै विरूद्ध आन्दोलन पनि गर्ने ?**

– यो त विश्वकै इतिहास छ । हामीले सरकारलाई समर्थन गर्दाखेरी सरकारले जुन वाचा गरेको थियो त्यो त पुरा गर्नुपर्‍यो नि । आफू सुखसुविधामा बसेर जनताको अधिकारको मागलाई बेवास्ता गर्न सकिन्छ र ? हामीले आफ्नो माग पुरा गराउन सरकारलाई दबाब दिनु हाम्रो अधिकारको कुरा हो ।

**० भनेपछि राजपा प्रदेश २ को सरकारबाट बाहिरिँदैन ?**

– हामी संघीय सरकारमा सहभागी छैनौं । संघ, प्रदेश र स्थानीय फरक फरक सरकार हुन् । त्यसैले संघीय सरकारको विरूद्धमा आन्दोलनमा जाँदा प्रदेश सरकारबाट बाहिरिनुपर्छ भन्ने बाध्यात्मक अवस्था हुँदैन । हामीले संविधान संशोधनको माग सम्बोधन गराउनका लागि आन्दोलनमा जान लागेका हौं ।

**० त्यसोभए संघीय सरकारलाई दिएको समर्थन के गर्ने ?**

– जुन माग पुरा गराउनका लागि हामीले संघीय सरकारलाई समर्थन दिएका थियौं त्यो माग पुरा गर्न यो सरकारले सक्दैन भने हामी बाध्य भएर आन्दोलनमा जानैपर्छ र हामीले समर्थन फिर्ता लिन्छौं ।

**० समर्थन फिर्ता लिने भन्ने विषयमा पनि राजपाभित्र विवाद छ नि ?**

– ६ वटा पार्टी मिलेर राजपा पार्टी निर्माण भएको छ । पार्टीभित्र सबै किसिमका नेता कार्यकर्ताहरू छन् हरेक विषयमा छलफल, वादविवाद हुन्छ, यो ठूलो कुरा होईन । राजपा पार्टीलाई बदनाम गराउन गलत प्रचार भएको हुनसक्छ । तर पार्टी भित्र कुनै विवाद छैन एकबद्धता छ । जुन भावना लिएर यो पार्टी अगाडि बढेको छ त्यसमा एक कदम पनि पछाडि हट्नेवाला छैन । त्यसमा अलिकति पनि मतभेद छैन ।

**० संविधान संशोधन गराउनका लागि आन्दोलनमा जाने भन्दै आउनुभएको छ, तर तपाईहरूको उद्देश्य अन्य छ कि ?**

– मधेशमा यो भन्दा पहिले ६ महिनासम्म तेस्रो मधेश आन्दोलन भयो जुन विश्वमा नै चर्चित छ । नेपाल राष्ट्रभित्र पनि उपनिवेश छ जुन उपनिवेशन भित्र आम मधेशी बाँचिरहेका छन् । स्वतन्त्रताको अधिकार आदिवासी, जनजाति र मधेशीलाई दिइएको छैन । यस्ता विभिन्न अधिकारहरू संविधानमा छुटेको छ त्यसलाई थपघट गर्नुपर्छ भन्ने हाम्रो माग हो । राजपा नेपालको प्रत्यक्षबाट निर्वाचित सांसद रेशमलाल चौधरीले अहिलेसम्म सपथ लिन पाउनुभएको छैन । हाम्रो पार्टीका घाइते र अपांग साथीहरूले उपचार पाइराख्नुभएको छैन । यस्ता विभिन्न मागहरू पुरा गराउँछौं भन्ने सरकारको प्रतिबद्धता अनुरूप हामीले सरकारलाई समर्थन दिएका थियौं तर सरकारले यो विषयमा खासै ध्यान दिएको पाइदैन । त्यसैले हामी सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनमा जान्छौं ।

**० यस्ता मागहरू सम्बोधन गराउन आन्दोलनमै जानुपर्ने बाध्यता छ ?**

– यो देशमा आन्तरिक उपनिवेश भित्र हामी बाँचिरहेका छौं । हामीले हरेक साना ठूला उपलब्धि प्राप्त गर्न आन्दोलन नै गर्नुपर्छ । यो बहिरो सरकारले हामीलाई जसरी दुःख दिइरहेको छ हाम्रो कुरा सुनिरहेको छैन । अन्य कुनैपनि देशमा यस्तो भएको छैन । हाम्रो देशको मधेशीहरूसँग जसरी अन्याय भइराखेको छ यिनीहरूलाई हर अधिकारबाट बञ्चित गरिएको छ । राज्यको हरेक निकायमा जानबाट बञ्चित गरेर राखिएको छ यो त बिडम्वना हो राज्यले आफ्नो नागरिकप्रति पुरा गर्नुपर्ने दायित्व पुरा गर्न नसकेर भागिरहेको हामीले महसुस गरेका छौं । दुई तिहाईको बहुमतमा यो सरकार निरकुंशताको बाटोमा अगाडि बढिरहेको छ । तर संसारको इतिहासलाई हेर्दा नि थाहा हुन्छ कि एकपटक दुई तिहाईको सरकार संचालन गर्दैमा देशमा सधैं उसकै सरकार मात्र रहन्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । मधेशी जनता आन्दोलनमा जान तयारी अवस्थामा छन् ।

**० विगतमा भएको ६ महिनासम्मको आन्दोलन नाकाबन्दीसम्म पुगेर पनि बिना निष्कर्ष टुंगियो, अब गरिने आन्दोलनले पनि तपाईहरूको माग पुरा हुन्छ भन्नेमा कसरी विश्वास गर्ने ?**

– राणाकाल, पंचायतकाल र राजा सहितको प्रजातन्त्रकालमा जुन खसवादीहरूले शासन गरिरहे आजसम्म पनि उनीहरूको सोच परिवर्तन हुन सकेको छैन । विगतका आन्दोलनहरूबाट विश्वमा मधेशीको एउटा पहिचान बनेको छ । नेपाल देशभित्र पनि पनि आधा जनसंख्या अधिकारबाट बञ्चित छ भनेर संसारले बुझेको छ जुन मधेश आन्दोलनको देन हो । त्यसैले विगतका मधेश आन्दोलनहरू बिना निष्कर्ष टुगिंयो भन्नु गलत धारणा हो ।

**० राजपाको आन्दोलनका सहयात्री दल फोरम नेपाल अहिले संघीय सरकारमा छ, यस्तो अवस्थामा राजपा अलि कमजोर भएको छैन आन्दोलनमा जान ?**

– एजेण्डा हाम्रो समान छ । संघीय समाजवादी फोरमलाई पनि हामीले आग्रह गरिरहेका छौं । राजपा नेपालले फोरम नेपालसँग पार्टी एकीकरणको विषयमा पनि कुरा गरिरहेको छ । एजेण्डा, माग र मुद्दा समान हुने पार्टीहरू एक ठाउँमा हुँदा सरकारलाई दबाब दिन पनि सजिलो हुन्थ्यो । उपेन्द्र यादवजी पनि आफ्नो मुद्दामा सधैं अडिग भएर लागिरहने नेता हुनुहुन्छ । त्यसैले उहाँ सरकारबाट फिर्ता भएर मधेशी जनताको मुद्दा सम्बोधन गराउनका लागि सडकमा आउनुहुन्छ भन्ने मलाई विश्वास छ ।

**० तपाईहरूले आन्दोलनको घोषणा गर्दा फोरम सरकारबाट बाहिरिएर तपाईहरूको साथ देला ?**

– हामीले आग्रह गरिरहेका छौं । राजपा नेपालले विश्वास गरेको छ कि फोरम नेपाल पनि विगतका आन्दोलनमा जस्तै हामीसँग सहयात्रा गरेर मधेशको मुद्दा सम्बोधनका निमित्त अगाडि बढ्नेछ । आन्दोलनमा जाने हाम्रो रहर हैन बाध्यता हो । हामीले सरकारलाई समय–समयमा माग सम्बोधनको लागि आह्वान गरिरहेका छौं सुनुवाई नभएसी आन्दोलन अन्तिम विकल्प हो ।

**० सडक आन्दोलनबाट पनि सरकारले माग सम्बोधन गरेन भने त्यसपछिको रणनीति के हुनेछ ?**

– सुन्छ र सुनैपर्छ । कुनैपनि देशमा सरकार सार्वभौमसत्ता हुन्छ । जनताको माग नसुनेर सरकार टिक्न सक्दैन । यो राणाकाल होइन संघीय गणतन्त्रात्मक देशमा जनताको आवाज सुनिदैन भने त्यो सरकार निरकुंश हुन्छ र आउने निर्वाचनमा जनताले मतबाट त्यसको जवाफ दिनेछन् ।

**० प्रदेश २ को सरकारको कामलाई कसरी हेर्दै हुनुहुन्छ ? सन्तोषजनक छ सरकारको काम गराई ?**

– प्रदेश २ को मात्र विषय होइन यो । कर्मचारीको अभावका कारण कुनैपनि प्रदेशले राम्रोसँग काम गर्न सकेको छैन । नयाँ–नयाँ अभ्यास भइरहेको छ विस्तारै काम अगाडि बढिरहेको छ । कर्मचारी व्यवस्थापन भएपछि काम अगाडि बढ्छ । प्रदेशहरूको आफ्नो अधिकार जति छ त्यसकै आधारमा काम गर्दा पनि संघीय सरकारले जसरी जनतामा भ्रम फैलाइरहेको छ यो दुर्भाग्यको कुरा हो । प्रदेशको विकासको लागि प्रदेशले आफ्नो 'भिजन' अनुसार काम गर्न पाउँदैन भने यो त संघीयता अनुरूपको राज्य व्यवस्था भएन नि । अहिले पनि ठूला दलहरूलाई संघीयता मन नपरेर कतै संघीयतामाथि नै प्रहार गर्न खोजेका हुन् कि जस्तो लागेको छ ।

# कांग्रेसको नेतृत्व लिन मधेशी नेताले कहिल्यै अग्रसरता देखाएनन्

**यो कुरामा कांग्रेसभन्दा पनि केही मानसिकताहरू छन् । त्यसमा मधेशी समुदायका नेताहरू पनि आफ्नो अग्रसरता लिन सक्नुपर्दथ्यो तर नसकेको पनि त यथार्थ हो । कुनै राजनीतिक दलको नेतृत्व कसैले फुलमाला लगाएर दिने विषय त होइन ।**



**योगेन्द्र चौधरी**

**नेता, नेपाली कांग्रेस**

**० कांग्रेसले विजयकुमार गच्छदारलाई उपसभापति चयन गरेको छ, यसलाई कसरी लिनुभएको छ ?**

– ढिलै भएपनि एकीकरणका बेला नेपाल लोकतान्त्रिक फोरमसँग भएको सहमतिमा नेताहरूले इमान्दारिता देखाउनुभयो । यसलाई स्वागतयोग्य नै भन्नुपर्छ । यद्यपि यो प्रक्रियाले चाँडै नै पूर्णत पाएको भए कांग्रेसलाई थप सहयोग र बल पुग्थ्यो ।

**० गच्छदारलाई उपसभापति चयन गरिसकेपछि अब तपाइँहरूको असन्तुष्टि छैन ?**

– हामीसँग भएको सहमतिप्रति इमान्दारिता देखाइएन भन्ने नै थियो । तर, अहिले आएर विजयकुमार गच्छदारज्यूलाई उपसभापति बनाइएको छ, यसलाई स्वागतयोग्य कदम मानेका छौं । जुन किसिमको निरासापन छाएको थियो त्यसमा केही हदसम्म हटाएको छ र समायोजन प्रक्रिया छिट्टै टुंगिने छ भन्ने हौसला र ऊर्जा पनि प्राप्त भएको छ ।

**० भनेपछि सहमतिअनुसार समायोजन कहिलेसम्म होला ?**

– उपसभापति विमलेन्द्र निधिको नेतृत्वमा समायोजन समिति बनेको छ । सो समितिले प्रक्रिया पूरा गरेर छिट्टै नै समायोजन प्रक्रिया टुंग्याउँछ भन्ने आशा गरेका छौं । पार्टीभित्रका आन्तरिक कुराहरू मिलाउनका लागि केही समस्या र व्यवधानहरू हुन्छन् नै । हाम्रा पूर्वपार्टीमा रहेका नेताहरूको अध्यक्षज्यूले मूल्यांकन गर्नुभएको छ ।

**० कांग्रेस र नेपाल लोकतान्त्रिक फोरमबीच एकीकरणका बेला के सहमति भएको थियो ?**

– हाम्रा पार्टीभित्र रहेका सबै नेताहरूको व्यवस्थापनका कुरा थियो । पार्टी अध्यक्षलाई उपसभापति दिने भन्ने कुरा नै मूल विषय थियो । यो सँगसँगै केन्द्रीय कार्य समितिमा सहभागिताको कुरा, जिल्ला संगठनदेखि तल्लो निकायसम्म प्रक्रियागत रूपमा क्षमता र आवश्यकताको आधारमा टुंग्याउने भन्ने सहमति थियो ।

**० अध्यक्षपछिका नेताहरूलाई कुन पद दिनुपर्ने हो ?**

– उपसभापति हुनुभएका हाम्रा पूर्वअध्यक्ष गच्छदारलाई नै जिम्मा दिएका छौं । को साथीलाई कुन पदमा समायोजन गर्ने भन्ने कुराको सम्पूर्ण जिम्मेवारी गच्छदारलाई नै दिएको हुनाले उहाँले नै यस सन्दर्भमा अन्तिम निर्णय लिनुहुनेछ । पदको हिसावले भन्नुपर्दा अन्य साथीहरूलाई केन्द्रीय कार्यसमितिभित्र रहने गरी समायोजन प्रक्रिया टुगिंन्छ ।

**० गच्छदारलाई उपसभापति बनाइँदा कांग्रेसकै एक खेमा विरोध जनाएको थियो नि ?**

– राजनीतिक सहमति बन्यो भने विधि र विधानमा नभए पनि मान्यता पाएका हुन्छन् । राजनीतिक दलमा विभिन्न विचारहरू स्वाभाविक नै हो । त्यसैले ती विवादहरूलाई राजनीतिक सहमतिकै आधारमा टुंग्याउनुपर्छ । विरोध गर्नेहरूले पनि फोरम लोकतान्त्रिकसँग भएको सहमति किन टुंगिएन भन्ने कुरा गर्दै आउनुभएको थियो ।

**० पार्टीभित्रको गुटउपगुटले कांग्रेसलाई कतिको क्षति पुर्‍याएको छ ?**

– स्वाभाविक रूपमा कांग्रेस अहिले जुन अवस्थामा छ त्यसको एउटा कारण गुटउपयुटको राजनीति पनि हो । कांग्रेसको यस्तो अवस्था हुनु गुटउपगुट पनि एउटा कारण हो भने बाह्य कारणहरू पनि छन् । बाह्य कारण भनेको वामपन्थीहरू चुनावमा मिलेर गएको कारण पनि हो । आन्तरिक कारणमा गुटउपगुटमा कांग्रेस अल्झिएको हुनाले त्यसले निश्चितरूपमा क्षति पुर्‍याएकै हो । अहिले गुटउपगुटको राजनीतिभन्दा पनि जसरी मुलुकमा अहिले लोकतान्त्रिक शासन व्यवस्था संकटमा परेको छ त्यसको कारण पनि कारण हो । दुई तिहाईको कम्युनिष्टको सरकारले मुलुकलाई जसरी चलाउनुपर्ने थियो त्यस्तो देखिएको छैन । त्यसैले मुलुकमा कांग्रेसको नेतृत्व खड्किएको हो ।

**० तपाइँहरू कांग्रेसमा समाहित भइसकेपछि तपाइँहरूले पनि कुनै बनाउनुभएको छ कि ?**

– हामीले कुनै गुट बनाएका छैनौं र पार्टीमा गुटउपगुट रहनु हुँदैन भन्ने कुरामा विश्वास गर्छौं । अहिले कांग्रेसको जुन अवस्था छ त्यसको मुख्य कारण गुटउपगुट पनि रहेको छ । त्यसैले, फेरि गुटउपगुटकै राजनीति गर्ने हो भने कांग्रेसलाई क्षति नै पुर्‍याउँछ । कांग्रेस भर्खरै नराम्रोसँग हार व्यहोरेको छ, त्यसबाट हामीले पाठ सिकिसकेका छौं । कांग्रेसमा देखिएका देउवा, पौडेल, सिटौला, कोइराला लगायतका गुटहरू भनेर जसरी भनिन्छ तर उहाँहरू गुट नभएर कांग्रेसका पिलरहरू हुन् । सबै पिलरहरू मिलेर त कांग्रेस एउटा मजबुत पार्टी बनेको छ ।

**० वर्तमान अवस्थामा कांग्रेसको मधेश नीति कस्तो पाउनुहुन्छ ?**

– इतिहासलाई हेर्ने हो भने कांग्रेसले मधेशलाई हेर्ने दृष्टिकोण तुलनात्मकरूपमा वामहरूभन्दा धेरै नै सकारात्मक नै हो । कांग्रेसको जग नै मधेश हो भन्ने कुरा कांग्रेसले बिर्सेको छैन । तथापि केही साथीहरूले क्रान्तिकारी कुरा गरेर कांग्रेसले इमान्दारिता देखाएन भन्ने आरोप लगाउनुहुन्छ । कांग्रेस एक्लै मात्र चाहेर पनि मधेशका सबै मुद्दा सम्बोधन गर्न सक्दैन । तर, हामी चाहन्छौं कि मधेशमा देखिएका समस्याहरूलाई समाधान गर्नुको साटो केही कम्युनिष्टहरूले राष्ट्रियताको नाम दिएका छन् । मधेशका समस्या सम्बोधनका निम्ति कांग्रेस जहिले पनि सकारात्मक नै रहन्छ ।

**० यदि कांग्रेसको जग नै मधेश हो भने आजसम्म नेतृत्वमा कुनै मधेशी किन पुग्न सकेन त ?**

– यो कुरामा कांग्रेसभन्दा पनि केही मानसिकताहरू छन् । त्यसमा मधेशी समुदायका नेताहरू पनि आफ्नो अग्रसरता लिन सक्नुपर्दथ्यो तर नसकेको पनि त यथार्थ हो । कुनै राजनीतिक दलको नेतृत्व कसैले फुलमाला लगाएर दिने विषय त होइन । नेतृत्व भनेको आफ्नो संघर्ष र क्षमताले त्यहाँसम्म पुग्ने विषय पनि हो । यद्यपि, संविधानसभा गठन भएदेखि मधेशकै व्यक्तिहरू ठूलाठूला पदमा पुग्न पाए । राष्ट्रपति, उपराष्ट्रपति मधेशकै नेताहरू भए । त्यसैले, नेतृत्वमा पुग्न आफ्नो क्षमता र योग्यता पनि देखाउनुपर्छ । तर, केही हदसम्म पहाडी मानसिकता पनि देखिएको छ । केही मधेशी नेतृत्वमा पनि त्यहीं मानसिकता छ । समग्र राष्ट्रप्रति राष्ट्रिय सोचको अभाव पनि देखिएको छ । मधेश र पहाडका बारेमा समान धारणा राख्नुपर्ने हुन्छ ।

**० विगतमा कांग्रेसले सरकारको नेतृत्व गर्दा मधेशका समस्याहरू समाधान गर्ने प्रयास गरेन नि ?**

– कांग्रेसले मधेशको समस्या समाधान गर्न अग्रसरता देखाएन भन्नुभन्दा पनि अहिले त मधेशमा मधेशी नेतृत्वकै सरकार छ, के सबै समस्या समाधान भयो त । तर, तुलनात्मक रूपमा मधेश अहिले धेरै कुराहरूमा फड्को मारेको छ । कांग्रेसभित्र पनि मधेशका दिग्गज नेताहरू हुनुहुन्छ, यसले त राम्रो संकेत गरेको छ । आगामी दिनमा कांग्रेस मधेशमा थप बलियो भएर जान्छ र बाँकी रहेका कार्यभारहरू पूरा गर्नेछ । अब मधेशको मात्र कुरा गरेर हुँदैन । तुलनात्मकरूपमा मधेशका धेरै समस्याहरू समाधान भइसकेको छ ।

**० कांग्रेसले संविधान संशोधनको मुद्दालाई आफ्नो मुद्दाको रूपमा कहिल्यै पनि उठाएन, किन ?**

– संसदमा संविधान संशोधनको मस्यौदा दर्ता कांग्रेसले संशोधनको पक्षमा मतदान गरेको होइन ? त्यसैले कांग्रेस एकलो चाहेर संशोधन हुने विषय थिएन । तर, अहिले सरकारसँग दुई तिहाईको बहुमत छ, उपेन्द्र यादवजी त्यत्रो आन्दोलन गर्नुभयो, उहाँ पनि सरकारमै हुनुहुन्छ । तर, उहाँले पनि संविधान संशोधन गराउन सकिरहनुभएको छैन । जबकि यो सुविधा हामीसँग थिएन त्यतिबेला । हामी एक्लो चाहेर पनि संशोधन गर्न सक्ने स्थिति थिएन । तर, अहिले उपेन्द्र यादवजीसँग छ । तर गर्न सकिरहनुभएको छैन । त्यसैले समस्या कहाँ छ भनेर बुझ्न जरूरी छ । सबै मधेशीहरू राष्ट्रघाती हुन् भन्नेहरू आज उपेन्द्रजी नभइकन सरकार बन्दैन भनेर कसरी लाचारी देखाएर उपेन्द्रजीलाई सरकारमा लगे ? उपेन्द्रजी पनि केपी ओली जस्ता राष्ट्रघाती दुनियँमा छैन भनेर तर्क गर्ने मान्छे आज एक अर्काका सहयात्री भएका छन् । अहिले कति मजाको गठजोर बनेको छ, तर पनि संविधान संशोधन हुन नसक्ने अनि सबै दोष जति कांग्रेसमाथि थुपार्ने ? बरू अहिलेको सरकार संशोधनको प्रस्ताव संसदमा दर्ता गरोस्, हामी कांग्रेसको तर्फबाट पहलकदमी गर्छौं । मधेशले चाहेअनुसारको संशोधन प्रस्ताव आउँछ भने कांग्रेस संशोधनको पक्षमा मतदान गर्न तयार छ । कांग्रेस अहिले प्रतिपक्ष हुँदा पनि मधेशले चाहेअनुसारको संशोधनमा सघाउन जहिले पनि तयार हुन्छ । संशोधन मुलुकको हितका निम्ति जोडिएको हुनाले कांग्रेस संशोधनकै पक्षमा रहनेछ । तर, प्रस्ताव सरकारले संसदमा ल्याउनुपर्‍यो । त्यसले गर्दा सबै आरोप कांग्रेसमाथि नै लगाउनु निराधार हो । कतिपय कुरामा कांग्रेस चुकेको हुन सक्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कस्तो थियो श्रीरामको राजनीति ?



मनोज कुमार कर्ण

**परिवेश:** नेपालमा हामीले जानेबुझे अनुसार कहिल्यै स्थिर राज्यसत्ता रहेन र राजनीतिपनि स्थिर रहेन भन्दा अतिशयोक्ति नहोला । सरकार त झन हामिले केहि दिन, महिना वा सालमा परिवर्तन भएको कटु अनुभव छ । के सुशासन वा दीर्घशासनसत्ताको लागि दुई-तिहाई बहुमतको नै सरकार चाहिन्छ ? हामी त्रेतायुगका अति प्रसिद्ध राजा तथा हिन्दू धर्मका सातौं तथा पूर्ण सुखमय विष्णुको अवतार सबैले मान्ने तथा स्वयं श्रीरामले सबैलाई भन्नुभए अनुसार उनै श्रीरामको राजनीतिलाई एकक्षण धर्मलाई गौण राखेर हरेक मनुष्यले अध्ययन गरौं ताकि उनका स्थिर राज्यबारे हामीले रहस्य जान्नेछौं । भनिन्छ, उनले रावणबधगरि त्यसबेलाको एघारहजार वर्ष आजको कलियुगमा एघार लाख भन्दा एघार वर्ष उनले सुखपूर्वक निष्कंटक राज्य गरेका थिए । उनी सातद्वीपका अधिपत्य जितेका थिए । उनको अयोध्या राज्यमा कहिल्यै अकाल परेन, चोरी भएन, कसैको अकाल मृत्युभएन, अतिवृष्टि, अनावृष्टि, मुसो वा पक्षीबाट खेतीका नाश, राज्यद्रोहले विपत्ति आएन, कोही दरिद्र, चिन्तातुर वा रोगपीडित भएन, कोहीपनि उनको राज्यमा भिखारी, दुराचारी, पापी, क्रुर, क्रोधी र कृतघ्न भएनन् ।

दण्डकवन निवासी नृसिंह मुनिका पुत्र श्रीरामदासले आफ्ना शिष्य श्रीविष्णुदासलाई सुनाएका कथालाई उद्धरणगर्दै शिवजी माता पार्वतीलाई भन्नुहुन्छ कि एक दिन श्रीमान् रामले एकान्तमा लव, कुश, लक्ष्मण, भरत तथा शत्रुध्नलाई बोलाएर राजनीतिबारे यसरी शिक्षा दिए - हे कुश ! म बैकुण्ठ गईसकेपछि तिमि नै राजा बन्नेछौं । राजालाई चिरकालसम्म यस संसारमा जिवित रह्न कहिल्यै झुठ बोल्नु हुँदैन र सुखी रह्न कामी र क्रोधी हुनुहुँदैन । राजाले परायी स्त्रीसंग प्रेम गर्नुहुँदैन । सत्य, शौच (पवित्रता), दया, क्षमा, स्वभावमा कोमलता, मीठो बोली, ब्राम्हण-गौ-संत तथा सज्जनप्रति श्रद्धा सात गुण राजाको लागि परमकल्याणकारी हुन् भने सात दोष निद्रा, आलस्य, मद्यपान, द्यूत (जुआ), वेश्यासंग प्रेम, बढी खेलकूद र शिकार गर्नु हुन् । प्रजालाई पुत्रसमान पालन, आम्दानीको षष्ठांशमात्र कर लिनु, गुप्तचरद्वारा देशभरीको समाचार लिईरह्नु, अन्य राज्यको सूचना संकलनको लागि २-२ वा ५-५ गुप्तचर वेष बद्लेर खटाउनुपर्छ । आफ्ना दूतबाहेक अन्यको विश्वास गर्नुहुंदैन । समयानुकूल साम, दाम, दण्ड, भेद प्रयोग गरि आफ्नो कार्य सम्पादन गर्ने, जुन कार्य मनमा सोचेको हो त्यसलाई कसैलाई नभन्ने तर स्वयं कार्य गरिरह्ने, नोकरको विश्वासमाथि राजकाज नछोड्ने, प्रतिमास खजानाको स्वयं निरिक्षण, सलियाना मंत्रीका साथ देशको सुरक्षार्थ बनाइएका खाल्डाको निरिक्षण, ४-४ महिनामा शस्त्र, सडक तथा कोठारका निरिक्षण, ८ वा १५ दिनमा हाथी, घोडा (सवारी)को निरिक्षण, महिनामा कपडाको देखभाल, तेस्रो दिनमा पालित् सुग्गा-कोयलको भने प्रति छह माहमा सीमामा नियुक्त अधिकारिको निरिक्षण, सर्वदा राज्यनिवासीलाई ध्यान दिने, प्रति महिना सेना तथा बगैंचा निरिक्षण, छैठौं महिनामा कुंवा-बावली (पानीको स्रोत)को निरिक्षण पडताल गर्नुपर्छ । सके प्रति ३ महिनामा नसके ६ महिवा वा वर्षदिनमा राजा सेनाको साथ राज्यको दौरा गरि ब्राम्हण, देवता, यति तथा गुरूजनको सन्तोषको जांच गर्नुपर्छ । अर्थको काम स्वयं हेर्ने, आयको चौथाईमात्र खर्च गर्ने, विकट परिस्थितीमा बढीमा तृतीयांश खर्चने, सेनापति, मन्त्रीलाई तथा आफू नजिक रह्नेलाई सदा दानमानले खुशी राख्ने, न बढी रीस राख्ने र न कसैसंग बढी प्रेम गर्ने, दुर्ग (किल्ला)को रक्षकसंग कहिल्यै विरोध नगर्ने । त्यस्तै, खाना (तोप, गज आदि) निवासी, राजधानीभन्दा टाढा नगरनिवासी, पर्वत/दुर्ग/जंगल निवासी, टापु वा तट निवासी, परदेशी, द्वीपान्तरनिवासी तथा कुनैपनि देशका निवासीसंग राजाले बराबर हेरचाह गर्ने । गुप्तरूपधारी, संन्यासीवेषधारी, अवधूत, वणिक् तथा नागावेशधारीबाट अन्य राज्यको समाचार संकलन गर्नुपर्छ र प्रतिवर्ष नयां अधिकारी नियुक्त गरियोस्, प्रदेशाधिकारीको चांडो सरूवा गर्ने, अन्य राजाको सेना तथा सैन्यबलको बराबर निगरानी, अर्को देशको गुप्तचर आफ्नो देशमा देखापरेमा दण्ड नदिई छोडिदिने तर उसको अभिप्रायलाई बुझ्ने, आफ्ना सीमाका दूतलाई नियमित शिक्षित पार्ने । देश, काल, बल, कोष र स्वयंको उत्साह हेरि आफ्नो बल, मित्रको बल, मित्रको मित्रको बल तथा सुहृद्को सुहृद्योंको बल विचार गरि शत्रुको बल निरिक्षण गर्ने, शत्रुको उत्कर्ष सुनेर धैर्य नगुमाउनु, को राजा आफूलाई साथ दिन्छ वा शत्रुलाई, फेरी शत्रुको शत्रुसंग मित्रता गांस्ने, अरूको शत्रुको कि रक्षा नगर्नु वा राम्ररी गर्नु, शत्रुको सेना कुनै प्रकार धोखाले निकट आएमा सुरक्षा दिने, शत्रुको मित्र तथा सुहृद्का सेनाको रक्षा गर्नु, शत्रु राष्ट्रका पर्वत, नदि, वन, दुष्टहरूको बाटो, जलाशय, गुप्तचरको बाटो आदिको ज्ञानलिई आफ्नो राज्यको सुरक्षाको प्रबन्धगरि मात्र आक्रमण गर्ने, संग्रामभूमीबाट नभाग्ने, शत्रुलाई आफ्नो पीठ्यूं नदेखाउने । राजाले कहां जाने हो, त्यो बताउनु हुंदैन (मानौं पूर्वमा जानु छ भने उत्तरतिर झण्डा गाड्ने अनि सेनाका शिविरहरू बनाउने आधाकोस जति सेनाहरू उत्तरमै गई पछि पूर्वतिर लाग्ने), अन्य राजाको झण्डाबीच आफ्नो झण्डा गाडेर गुप्तचरबाट समाचारलिने, आफ्नो राज्यमा जता जानु छ, त्यतै झण्डा गाड्ने र शिविरपनि बनाउने, राजाले तोप, यन्त्र, वाहन, सेनाको संख्या, धन आदिको संग्रह गर्ने, आफ्नो राष्ट्र, किला, बजार, राजधानी, निर्जल वन आदिमा प्रचुर धन खर्च खर्चेर (यो खर्च होइन) जलाशय बनाउने, धर्मकर्मलाई भविष्यको धन संग्रहमानी आयोजन गर्ने, आपत्तिबाट बच्न धनको रक्षागर्ने, धनभन्दा श्रेष्ठ स्त्रीको रक्षा तथा धन-स्त्रीभन्दा बढी स्वयंको रक्षागर्ने, आयको चौवन्नीपनि कसैबाट लिन नबिर्सनु तर करोडौं रूपये कल्याणको लागि खर्च गर्ने । नगरबाहिर विना सेनाको नजाने, ग्राममा पनि एक्लै नघुम्ने, नबस्ने, पैदल नहिंड्नु, पटकपटक कसैको घर नजाने ।

श्रीरामले राजनीति सिकाउदै गए- द्वारपाल, पानी पिलाउने सेवक, धोबी र नाईं (हजाम)माथि कहिल्यै विश्वास नगर्नु, धोबीले ल्याएका लुगा चेकजांच गरि लाउनु भने नाईंलाई धेरै रूपैया-पैसा दिएर खुशी राख्नु, पानको बीडा पहिला एउटा अरूलाई ख्वाउनु पछि अर्को आफू चपाउनु, पानीपहिला परिक्षण गरि आंखाले हेरेर मात्र पिउनु, अरूले दिएको फललाई जांच गरि मात्र सेवन गर्नु । अन्य राजा भेट्न आउंदा उनीसंग टाढाबाट नै भेट्ने, प्रतिदिन एक वा दुई चोटीमात्र राजसभामा जाने तर आधी प्रहरभन्दा बढी नबस्ने, सभामा गोडा फैलाएर नबसी घुंडा सिंकुडाएर बस्ने, सभामा बढी नहांस्ने, सभामा कहिल्यै फोहर लुगा नलाउने, सभामा कवचधारण गरि बस्ने, चुपचाप बस्ने त्यहां, नथुक्ने, कपाल नकन्याउने, घरायसी काम सभामा नगर्ने, आफूसंग द्वेष गर्नेलाई नगरनिकाला गर्ने, सदैव गणिका, गणक - ज्योतिष), वैद्य, गायक, बन्दीजन, नट, पण्डित, धर्मशास्त्री, सैनिक, वैदिक तथा ब्राम्हणलाई दानमान गरिर प्रसन्न राख्ने, सबैलाई सम्मान गर्दै कहिल्यै प्रजालाई व्यर्थ दण्ड नदिने, प्रजामा क्लेश हुन नदिने । राजद्वारको दूतले जहिल्यै पनि राजालाई भेट्न आउनेलाई लबादे उतार्नलगाई परतल खुलाउन लाउने, भेट्नेको अस्त्रशस्त्र त्यहीं राख्ने, राजासंग भेट्नेले प्रणाम गरि संकेतित आसनमै बस्ने, माण्डलिक राजा (एउटा मण्डलको राजा वा आजको जमानामा मुख्यमन्त्री)को लागि राजाको सम्मुख कुर्सी राखिने र माण्डलिक राजाले नहांसी, न जम्हाई लिई, पटकपटक हाछ्यूं नगरि अगाडी हातगोडा राखिकन राजामाथि हेर्दै बस्ने, माण्डलिकले आउंदा जांदा बारम्बार प्रणाम गर्ने । राजाले हाथी, गर्भिणी मृगी, पानी पिउंदै गरेको जीव, निद्रावस्थाको जीव र शरणमा आएको जीवको शिकार कहिल्यै गर्नुहुंदैन, शिकार खेल्नु अगावै आठवटै दिशामा मान्छेलाई नियुक्त गर्ने । रात्रीमा मित्रसंग कम्बल ओढेर स्वयं वा मित्रद्वारा महलबाहिर सहर (पुर)द्वारका अर्गलादण्ड निरिक्षण गरि अटपट कुरा गर्नेलाई सुन्ने, सपरिवार डुङ्गामा सयर नगर्ने, बजार वा कुनै चौराहामा नबस्नु, आफ्नी स्त्री/पुत्रलाई नधम्क्याउने, नगरबाहिर मोहरलागेको पत्र दिएरमात्र प्रजालाई जाननदिने (पासपोर्ट जस्तो अनुशासित र परिचय खुलस्त राख्न), नगरभित्रपनि आवतजावत गर्नपनि मोहरपत्र (परिचयपत्र) दिई जानदिने, वन वा बाटामा चोरले चोरी गर्न नपाउन् रूपैया लिएर चोरलाई रिहाई नगर्ने, तीर्थस्थानबाहेक राजाले मुण्डन नगर्ने, पर्वमा घरमा स्नान नगरि तीर्थ जाने, धनुष र वाणलाई गोडाले नछुने, चौपड-पचीसी नखेल्ने, ब्राम्हणको साथ वादविदान बढी नगर्ने, घरको द्वार तथा खुल्ला जमीनमा नबस्ने, बाटोमा पनि नबस्ने र दु:ख खेद नगर्ने, महिलाले पानी भर्न जाने ठाउंमा नबस्ने, अन्नलाई सस्तोपार्न बनियां (व्यापारी)लाई दण्ड दिईरह्ने, महंगी बढ्यो भने देशको करभार (ट्याक्स) अलि कम पार्ने, कहिल्यै अतिशठता नगर्ने । राजाले कहिल्यै अनुहार हेरी न्याय गर्नुहुदैन र जहिल्यै स्वयंले नै न्याय गर्नुपर्छ, कोही दु:खी आए भने उसको पीडा आदरपूर्वक सुन्ने, कुनै किसिमको घमण्ड नगर्ने, यज्ञ, दान, जप, होम, सन्ध्या, शिर्वाचन, स्नान र पुराणश्रवण भक्तिपूर्वक गरिराख्ने, प्रत्येक एकादशीको केवल फलाहार गर्ने र कहिल्यै निर्जल उपवास नगर्ने, ब्राम्हणले मागेको कुरा उनलाई देवता मानीकन पूरा गर्ने, क्रोधवस जेलमा हालिएकालाई कुनै उत्सवको मौकामा रिहा गर्दै जाने, यदि कसैले आफ्नो आज्ञा उल्लंघन गरेमा आफ्नो घांटी काटिएसरह लिने, आफ्नो दूतको अपमान आफ्नो अपमान ठान्ने । श्रीरामले यसपछि दिनचर्या जसरी आफूले गरिरहेका छन्, सोहि अनुसार कुशलाई अमल गर्न सिकाए ।

**आधुनिक समयमा निष्कर्श:** १) यहां राजा भन्नाले राजा, राष्ट्रपति, प्रधानमन्त्री, कुनै क्षेत्रको कुनैपनि प्रकारको मुख्यमन्त्री, सीडीओलगायत घरको अभिभावक आदि शासकलाई बुझ्नुपर्छ र दायरानुसारको उपलब्ध वस्तु/साधनलाई उपयोगिता तथा स्वविवेक अनुसार उपयोग र रेखदेख गर्नुपर्छ, २) जहांका राजा स्वच्छ हुन्छन्, त्यही देशका जनताको प्रगति उन्नती हुन्छ, स्वयं स्त्रीलम्पट, पापीष्ठ, लोभी राजाको देशमा जनतालाई अनिकाल, दुर्घटना, अकाल मृत्यु, दरिद्रता मात्रै भाग्यमा आउंछ, ३) राजा चौकन्ना रह्नुपर्छ, देशको जिवित, निर्जिव, स्रोत, साधन, हथियार सबैमा नियमित निगरानी राख्नुपर्छ, ४) यस राजनीतिमा सेनानीति, जनतानीति, अर्थनीति, स्वरक्षानीति, कूटनीति, शिक्षानीति, चतुराई आदि छन्, ५) यस जानकारीका प्रमुख स्रोत पृष्ठ संख्या ४९१-४९६, श्रीमद्वाल्मीकिको *आनन्दरामायण*, पं. रामतेज पाण्डेयद्वारा परिमार्जित चौखम्बा प्रकाशन (दिल्ली) हो ।(

*लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)*

# राप्तीसोनारीमा जनप्रतिनिधिको अग्रसरता

नेपालगञ्ज । शान्ति सुरक्षा कायम गर्न बाँकेको राप्तीसोनारी गाउँपालिकाका जनप्रतिनिधिले अग्रसरता देखाएका छन् । आफ्नो गाउँ समाजलाई सभ्य, सु-संस्कृत तथा शान्तिपूर्ण बनाउन गाउँपालिकाले प्रहरीसँगको सहकार्यमा सचेतनामूलक कार्यक्रम गर्न लागेको हो ।

समुदायका लागि 'प्रहरी पालिका' नामक समिति गठन गरिसकेको उक्त गाउँपालिकाले शान्ति, अमनचैन कायम गर्न विभिन्न कार्यक्रम गर्नेछ । उक्त कार्यक्रमका लागि गाउँपालिकाका अध्यक्ष लाहुराम थारूको संयोजकत्वमा १७ सदस्यीय समिति गठन गरिसकिएको छ । समितिमा उपाध्यक्ष धनीकुमारी खत्री र इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी निरीक्षक नीरञ्जन घिमिरे सहसंयोजक तथा प्रहरीचौकी अगैयाका प्रहरी सहायक निरीक्षक उजिरसिंह दर्लामी सदस्य-सचिव रहनुभएको छ । समितिमा जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, पत्रकारलगायत सदस्य छन् ।

**मेलमिलापकर्तालाई तालीम**

बाँकेको खजुरा गाउँपालिका क्षेत्रभित्र रहेका मेलमिलापकर्तालाई लामो अवधिको आधारभूत प्रशिक्षणका लागि छनोट गरिएको छ । छनोटमा परेका २७ जना मेलमिलापकर्ताका लागि न्यायिक समितिलाई सहयोग पुग्ने गरी तालीम सञ्चालन गरिएको छ ।

अधिवक्ता भानुभक्त रिजाल र राधेश्याम थारूले उनीहरूलाई प्रशिक्षण दिइरहनुभएको छ । फौज्दारी मुद्दाबाहेक अन्य मुद्दा गाउँमै समाधान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेअनुरूप नै मेलमिलापकर्तालाई तालीम दिन लागिएको न्यायिक समिति संयोजक उपप्रमुख एकमाया विकले बताउनुभयो ।

तालीममा सहभागीले दैनिक नौ घण्टा अनिवार्यरूपमा तालीम लिनुपर्ने र उनीहरूलाई विवाद समाधानका लागि अवलम्बन गर्नुपर्ने सबै किसिमको प्रक्रिया सिकाइने उपप्रमुख विकले जानकारी दिनुभयो ।

तालीमपछि खजुरा गाउँपालिकामा मेलमिलाप केन्द्र स्थापना गरेर मेलमिलापकर्तामार्फत ११ प्रकारका विवाद समाधानको प्रयत्न गरिने बताइएको छ । तालीम शुभारम्भका अवसरमा खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपतिले स्थानीय सरकार सञ्चालन ऐनले नै मेलमिलापकर्तालाई स्वायत्तता दिएको भन्दै वडाको न्यायाधीशका रूपमा कुनै पूर्वाग्रह नराखेर निष्पक्ष ढङ्गबाट विवाद समाधान गर्ने विश्वास व्यक्त गरे ।

# कृषिमा रमाउँदै लक्ष्मीप्रसाद

बाँके ।: नेपालगञ्ज उपमहानगरपालिका-२० मनिकापुरस्थित थपुवाका लक्ष्मीप्रसाद शर्मा सामाजिक कार्यकर्ताका रूपमा चिनिन्छन् । चौध वर्षअघि सामाजिक सेवामा संलग्न शर्मा हाल बाँकेकै एक गैरसरकारी संस्थामा वरिष्ठ कार्यक्रम सुपरभाइजरका रूपमा कार्यरत हुनुहुन्छ । गाउँदेखि शहरसम्म उनी सामाजिक कार्यकर्ता कै रूपमा चिनिन्छन् । स्नातक तह उत्तीर्ण शर्माले सामाजिक अभियानका क्रममा विशेषगरी शैक्षिक विकासका क्षेत्रमा आफ्नो समय खर्चिंदै आएका छन् । चौध वर्षदेखि शैक्षिक विकासका लागि हुँदै आएका विभिन्न गोष्ठी, छलफल, कार्यशाला गोष्ठी र ऱ्यालीमा उहाँको उपस्थिति नियमित थियो । जसरी भए पनि ती कार्यक्रममा सहभागी हुनुपर्ने र शैक्षिक विकासका लागि आफ्ना विचार व्यक्त गर्नुपर्छ भन्ने शर्मा आफैलाई पनि लाग्ने गर्दथ्यो ।

उहाँलाई जसले पनि सामाजिक कार्यकर्ताकै रूपमा चिन्छन् । धेरैलाई थाहा छैन, शर्माको अर्को पेशा । उहाँ सामाजिक कार्यकर्तासँगै विगत आठ वर्षदेखि पशुपालन र तरकारी एकसाथ गर्दै आउनुभएको छ । शर्मालाई बुझ्नेले सामाजिक कार्यकर्ता भने पनि उहाँ सफल कृषक पनि हुनुहुन्छ भन्ने कुरा कमैलाई मात्र थाहा छ । दिउस गैरसरकारी संस्थाको जागिरे भए पनि साँझ बिहान कृषकको भूमिकामा देखिन्छन् शर्मा ।

"जागीरले चिनाउँछ, चिनाएको पनि छ । कृषि पेशाले उचाइँमा पुऱ्याउँछ", उनले भन्नुभयो, "जागीरले सामाजिक प्रतिष्ठा र सबैसँग चिनजान गराएको छ, कृषि पेशाले मेरो पारिवारिक जिम्मेवारी र आम्दानीसमेत बढाएको छ ।" उनलाई उनकी श्रीमती गीताले सघाउँदै आएकी छन् । श्रीमान् जागिरमा जाँदा कृषि जिम्मेवारी गीताले सम्हाल्दै आउनुभएको छ । "श्रीमान्ले अँगालेका दुवै पेशाप्रति म खुशी छु", गीताले भनिन् । शर्माको गोठमा चार उन्नत जातका गाई र एउटा भैंसी छन् । चार गाईमध्ये अहिले दुई दुहुना छन्, अर्को दुई गाई व्याउने भएका छन् । दुई गाई र एउटा भैंसीको दूधले अहिले आम्दानी दिइरहेको छ ।

## मधेश अपडेट

### प्रदेश सरकार तत्पर : प्रदेश प्रमुख

जनकपुरधाम । प्रदेश सरकारलाई अघि बढ्न तथा नीति नियममा आवश्यक परिमार्जनका लागि धनुषा चेम्बर अफ कमर्सलाई सुझाव दिन प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले बताएका छन् । धनुषा चेम्बर अफ कमर्स जनकपुरधामद्धारा छठ पूजा गर्ने ब्रतालुहरूका लागि गरिएको पूजा सामग्री तथा बस्त्र बितरण कार्यक्रममा बोल्दै प्रदेश प्रमुख कायस्थले असल कार्य तथा विकासका कार्यमा आवश्यक सहयोगका लागि प्रदेश सरकार तत्पर रहेको समेत बताएका छन् । साथै उनले छठ व्रतालुहरूका लागि गरिएको पुजा सामाग्री वितरणका लागि आयोजकको प्रशँसा समेत गरे । कार्यक्रममा छठ पूजा गर्ने एक सय एक व्रतालूहरूलाई पुजन सामाग्री तथा वस्त्र वितरण गरिएको थियो । उक्त कार्यक्रममा प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता दिपेन्द्र झाले जनकपुरधाममा मनाईने छठ पूजालाई ३ दिवसिय भव्यता प्रदान गर्न सकिए यस क्षेत्रमा पर्यटक तान्न सकिने बताए । कार्यक्रममा जनकपुरबाट अयोध्यासम्म साईकलबाट यात्रा गरेका रँजीतलाई चेम्बर अफ कमर्सले सम्मान गर्नुका साथै साईकल प्रदान समेत गरेका थिए । कार्यक्रममा प्रथम महिला सबिता कायस्थ, प्रदेश साँसद परमेश्वर साह, साहित्यकार राम भरोस कापडि सहितको उपस्थिति रहेको थियो ।

### मुस्लिम दलितका लागि आरक्षण माग

पर्सा । मुस्लिम समुदायभित्र रहेका दलितलाई अन्य दलितसरह आरक्षण दिन प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले केन्द्र सरकारसँग माग गरेका छन् । मानव सूचकाङ्कका आधारमा सबैभन्दा गरीब, बेरोजगार र शिक्षाको अवसरबाट बञ्चित रहेका मुस्लिम समुदायभित्रको दलितको जीवनस्तरलाई उकास्न सरकारले आरक्षणको व्यवस्था गर्नुपर्ने धारणा उनले व्यक्त गरेका छन् । नेपाल हवारी (धोवी) कल्याण समिति पर्साले सोमबार वीरगञ्जमा आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले हिन्दू समुदायभित्र रहेका विभिन्न जाति जस्तै मुस्लिम समुदायभित्र समेत दलित रहेको र उनको जीवनस्तर दयनीय अवस्थामा रहेकाले उनको जीवनस्तरलाई उकास्दै राज्यको मूल प्रवाहमा समावेश गर्ने दायित्व राज्यकै भएको बताए । नेपाल हवारी (धोवी) कल्याण समिति पर्साले अध्यक्ष युसुफ सफिको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई प्रतिनिधिसभाका सदस्य प्रदीप यादव, प्रदेशसभा सदस्य जन्त अन्सारीलगायतका वक्ताले सम्बोधन गर्दै दलित सामुदायिक जीवनस्तरलाई उकास्न केन्द्र तथा प्रदेश सरकारले पहल गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

### गठबन्धनका नेताहरू म्याद थप

विराटनगर । स्वतन्त्र मधेश गठबन्धनका नेताहरूको एक महिना म्याद गरिएको छ । संविधान दिवसको दिन कालो दिवस मनाइरहेका स्वतन्त्र मधेश गठबन्धनको कार्याकर्ताहरूलाई डायनिया-३ मोरङबाट जिल्ला प्रहरी कार्यालयले ९ जनालाई गिरफ्तार गरि सार्वजनिक शान्ति विरोधमा झुठा अफवाहा फैलाएको विरूद्धमा मुद्दा चलाएको थियो । बुधबार पुन: उनीहरूलाई आउने मंसिर २८ गते तारिख दिएको छ । गिरफ्तार भएका ९ जनाहरू श्रीराम चौधरी, चन्द राउत, रमेश दास, शुसिल मण्डल, कौसिला महतो, दशरथ मुखिया, नूर मोहम्मद, बुद्धि माझी रहेका थिए । संयूक्त राष्ट्रसंघ, यूरोपियन यूनियन लगायतले नेपालको संविधानलाई अपुरो भनेको अवस्थामा शान्तिपूर्ण विरोध प्रदर्शन गरिने मधेशीहरूमाथी दमन गरिनु, गिरफ्तार गरी जेलसमेत चलान गरि धरौटी असुल गरिनु नेपालले अन्तर्राष्ट्रिय कानुन र मुल्यमान्यता विपरित कार्यको मुल्यांकन संयुक्तराष्ट्र अनुगमन गरिरहेको छ । भविष्यमा नेपाल देश नै कालो सूचिमा परिनेछ ।

### अनलाइनमा मालपोत

रूपन्देही । मालपोत कार्यालय भैरहवाले बुधबारदेखि अनलाइनबाट सेवाग्राहीलाई सेवा प्रदान गर्न शुरू गरेको छ । बुधबार एक कार्यक्रमको आयोजना गरी मालपोत कार्यालयले अनलाइन सेवाबाट आफ्ना काम शुरू गरेको जानकारी दिएको हो । भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशक मुक्तिप्रसाद आर्चायले सो अनलाइन सेवाको सुभारम्भ गर्दै सरकारले लिएको रणनीतिअनुसार अगाडि बढेको बताए । राजश्व तथा सेवा प्रवाह र अभिलेखको सुरक्षा गर्नका लागि मालपोत कार्यालयले अनलाइन सेवा विस्तारमा रहेको बताउँदै महानिर्देशक आर्चायले अबका केही वर्षमा नेपालका सबै मालपोत डिजिटल सेवामा प्रवेश गर्ने जानकारी दिए । सिद्धार्थनगर नगरपालिकाका प्रमुख हरिप्रसाद अधिकारीले समयको मागअनुसार जनसरोकारका कार्यालयहरू परिमार्जित हुनुपर्ने भन्दै अनलाइन सेवालाई नगरपालिकाले सहयोग गर्ने बताए ।

### समावेशी स्थल निर्माण गरी छठपूजा

झापा । समावेशी पुजास्थल निर्माण गरी भव्यताका साथ छठपुजा मनाइएको छ । नेपाल-भारतको सीमावर्ती क्षेत्रमा पर्ने झापाको सदरमुकाम भद्रपूरस्थित मेची नदीमा मनाइँदै आएको छठ पूजामा पाँच हजार पूजास्थलसहित तीन किलोमिटर क्षेत्रमा नदीको वारिपारि दुवै पट्टीबाट हिमाल, पहाड र तराईका बासिन्दाको समान सहभागिता थियो । पछिल्ला वर्षमा भद्रपुर तथा भारतको गलगलियाका स्थानीयवासीले यस पर्वलाई समावेशी साझा पर्वका रूपमा मनाउने गरेको पाइएको छ । बेलुका अस्ताउँदो सूर्यलाई अर्घ दिने र बिहान उदाउँदो सूर्यको पूजा गरी भव्य रूपमा मनाइने यो पर्वमा नेपालको जनकपूर पछिको दोस्रो ठूलो पूजामण्डप र जनसहभागिता रहने भद्रपुरस्थित मेची नदीमा पूजा व्यवस्थापनलाई एक साता अघिदेखि नै तीव्रता दिइने गरेको छ । नदीको दुबै किनारमा पाँच हजार हाराहारी पूजास्थल (घाट) बनाइएको थियो ।

### अग्निपीडितलाई प्रदेश सांसदको सहयोग

राकेश यादव, रौतहट । रौतहट निर्वाचन क्षेत्र नम्बर २ ख को प्रदेश सांसद रामकिशोर यादवले परोहा नगरपालिका ८ नरकटियाको अग्नि पीडितहरूलाई राहत स्वरूप २३ हजार नगद राहत उपलब्ध गराएका छन् । निर्वाचन क्षेत्र अन्तर्गत पर्ने सो गाउमा स्थलगत निरिक्षण गर्न गएका प्रदेश सांसद यादवले १ जनालाई १० हजार, २ जनालाई पाँच पाँच हजार तथा सामान्य क्षति भएकालाई ३ हजार नगद राहत उपलब्ध गराउने घोषणा गरेका थिए । मुलुकमा तीन तहका सरकार रहेकोले स्थानीय सरकारको सबैभन्दा बढी दायित्व भएको हुँदा छिटोभन्दा छिटो पीडितलाई राहत उपलब्ध गराउन आग्रह गरे ।

### जनचेतनामूलक कार्यकम सम्पन्न

कपिलवस्तु । बुद्धभुमी नगरपालिका वडा नं. ९ इमिलियास्थित श्री आदर्श ईङलिस बोर्डिङ्ग स्कुलका कक्षा ८,९ र १० माअध्ययनरत छात्र तथा छात्रा गरी झन्डै १०६ जना विद्यार्थीहरूलाई सवारी दुर्घटना न्युनिकरण विषयमा जनचेतनामूलक कार्यक्रम गरिएको छ । बुद्धभुमी नगरपालिका वडा नं. ९ इमिलियामा कार्यरत प्र.स.नि. चुडामणी पोखेल सहितको टोलीले खटि गई सडक प्रयोग गर्दा ध्यान दिनुपर्ने विषयमा ट्राफिक जनचेतनामुलक कक्षा संचालन गरी सवारी दुर्घटना न्युनिकरण बिषयमा विद्यार्थीहरूलाई जनचेतना दिएका थिए । दुर्घटना हुने मुख्य कारणहरू, ट्राफिक चिन्हहरूको पहिचान र सुरक्षित सडक प्रयोग नगरेको जस्ता कियाकलापहरूबाट प्रायजसो दुर्घटना हुने गर्दछ । दुर्घटना न्युनिकरण विषयमा विद्यार्थीहरू पनि ट्राफिक जनचेतनामुलक कुराहरू सुनेर उत्साहित भएका थिए ।

### सहकार्यको सम्झौता

बुटवल । लुम्बिनी बौद्ध विश्वविद्यालय र भारतको स्वामी विवेकानन्द सुभार्ति विश्वविद्यालय, मेरठबीच शैक्षिक कार्यक्रम आदानप्रदान गर्ने सम्झौता भएको छ । स्वामी विवेकानन्द सुभार्ति विश्वविद्यालयका उपकुलपति एन के अहुजा र लुम्बिनी बौद्ध विश्वविद्यालयका कार्यवाहक उपकुलपति र रजिष्ट्रार तीलक आचार्यले सम्झौतापत्रमा आज हस्ताक्षर गरेका छन् । कार्यवाहक उपकुलपति आचार्यले विश्वका थुप्रै विश्वविद्यालयसँग द्विपक्षीय सम्झौता भएको र स्वामी विवेकानन्द सुभार्ति विश्वविद्यालयसँग भएको सम्झौताले लुम्बिनी बौद्ध विश्वविद्यालयको शैक्षिक वातावरणमा योगदान गर्ने विश्वास व्यक्त गरे । उनले स्वामी विवेकानन्द सुभार्ति विश्वविद्यालयसँगको सम्झौताले आफूहरू मात्र नभएर नेपालको बौद्ध अध्ययन शिक्षालाई पनि गुणस्तरीय बनाउने अपेक्षा गरे ।

# मदरसा शैक्षिक प्रणाली : स्वाभाविक समस्याहरू

समाजमा शिक्षाको महत्वलाई कहिले पनि नकार्न सकिँदैन। ठोस शैक्षिक अवधारणा, समाज तथा देशको निम्ति अनिवार्य तत्व हो। विकासोन्मुख देशहरूलाई शिक्षाको विशेष महत्व हुन्छ, किनभने यसले व्यक्तिगत तथा समाजको भौतिक पूर्वाधारको विकासमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ। एउटा वैकल्पिक शिक्षा प्रणालीको रूपमा इस्लाम धर्मको इतिहासलाई हेर्दा, पश्चिमी शिक्षा पद्धतिको तुलनामा धार्मिक शैक्षिक अवधारणाको रूपमा 'मदरसा शैक्षिक प्रणाली' ले इस्लामिक समुदायको आवश्यकताहरूलाई पूरा गरेको पाइन्छ।

समाजको विकास तथा उन्नतिमा शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। एउटा देशको विकास, यसको आर्थिक, सामाजिक अनि राजनीतिक समुन्नतिमा त्यस देशको जनताको स्वभाव तथा गुणले ठूलो भूमिका खेलेको हुन्छ। त्यसै जनशक्तिले देशलाई उन्नतिको यात्रामा अघि धकेल्ने काम गरिरहेको हुन्छ। अविकसित अनि विकासोन्मुख देशहरूमा जनसंख्याको मात्रा धेरै भएका हुनाले ती देशहरूमा शिक्षाको अझ बढी महत्व तथा आवश्यकता हुन्छ।

यस प्रकारको परिस्थितिमा स्थानीय शिक्षा पद्धति, उदाहरणको निम्ति मदरसा शिक्षा पद्धति एउटा उपयोगी शिक्षा प्रणालीको रूपमा देखा पर्न जान्छ। तरपनि मदरसा शिक्षाको अवधारणा विशेष १९औं अनि २०औं शताब्दीमा धेरै प्रासांगिक थियो। किनकि त्यस समय पाठशालाको मात्रा थोरै थियो अनि कतिपय स्थानहरूमा भने पाठशाला नै थिएनन्। यस्तो स्थितिले स्थानीय तहमा आफ्नो छुट्टै शिक्षण पद्धति सिर्जना गर्न बाध्य तुल्यायो। त्यसैको फलस्वरूप हिन्दू अवधारणा अनुरूप आश्रम अनि इस्लाम अवधारणा अन्तर्गत मदरसा शिक्षण प्रणालीले जन्म लिएका हुन्। तर समयको परिवर्तन सँगसँगै शिक्षण प्रणालीमा पनि धेरै परिवर्तन आयो। शिक्षाको व्यापक विकास तथा सम्पूर्ण विश्वमा समान शैक्षिक अवधारणाको मान्यता अन्तर्गत धेरै पाठशाला, महाविद्यालय, विश्वविद्यालय बन्न थाले जसको कारणवश पछि गएर मदरसा अनि आश्रम जस्ता स्थानीय शैक्षिक प्रणालीको महत्व घट्दै गयो।

जब आधुनिक शिक्षा प्रणालीले आफ्नो रूप लिन थाल्यो, मदरसा शिक्षा प्रणालीले भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश जस्ता देशहरूको सुधुर क्षेत्रहरू जहाँ इस्लामिक धर्मावलम्बीहरूको बाहुल्य छ, जसले इस्लामिक शिक्षा अध्ययनमा विशेष जोड दिन्छ, त्यस्ता क्षेत्रहरूमा आफूलाई सीमित गरेर राख्यो। समयको लामो अन्तरालमा मदरसा एउटा इस्लम धर्मसम्बन्धी शिक्षा तथा ज्ञान दिने केन्द्रको रूपमा विकसित भयो। यसले आफूलाई आधुनिक शिक्षा पद्धतिभन्दा पनि धेरै मस्जिद तथा धार्मिक गतविधिहरूमा नै संलग्न राख्यो। केही मदरसाहरूमा विज्ञान अनि प्राविधिक कम्प्युटर विज्ञान जस्ता आधुनिक विषयहरू समावेश गरेता पनि धार्मिक पक्षलाई नै विशेष महत्व दिएको पाइन्छ।

पाकिस्तान अनि अफगानिस्तानमा रहेका उग्रवादी तत्वहरू जसले १९८० देखि यता जिहादी आन्दोलन धानिरहेका छन्, यिनीहरूले यस प्रकारको शिक्षा प्रणालीको धेरै शोषण गरिरहेको पाइन्छ। पाकिस्तानमा 'वाहाषी' अनि 'सलाफी' जस्ता विचारधाराबाट प्रेरित धेरै धार्मिक पाठशालाहरू च्याउजस्तै फलिफुली रहेका छन्। जसले युवा जिहादी योद्धा अनि मानव बमहरूको सिर्जना गरिरहेको पाइन्छ। अहिले आएर पाकिस्तान सरकार अनि फौजले यस्ता नकारात्मक कार्य सञ्चालन गर्ने मदरसाहरूको विरूद्ध कडा रूख अपनाएको छ। यिनीहरू भ्रामक कुरो फैलाउने मदरसाका प्रचारकहरूलाई थुनुवा गरिरहेका छन् भने त्यस्ता गतिविधिमा संलग्न मदरसाहरूलाई बन्द गर्ने कामहरू पनि गरिरहेका छन्।

बंगलादेशमा १९९० को इस्लामीकरणको अवस्थामा धेरै मदरसाहरू तथा कौशल संस्थाहरूको स्थापना भयो। यस्ता मदरसाहरूबाट अध्ययन गरेर निक्लेका विद्यार्थीहरू उग्रवादी इस्लामिक विद्यार्थी संगठन "इस्लामिक छात्र शिविर' (आई.सी.एस.) मा संलग्न भएर काम गर्ने अनि अन्तमा आएर राजनीतिक संस्था 'जमेत-ई-इस्लामी' (ज.ई.ई.) का सदस्य बन्थे। आई.सी.एस. अनि ज.ई.ई. पछि गएर धार्मिक संस्थानको रूपमा नै विकसित भए, जसको सरकार निर्माणमा विशेष भूमिका रहेको पाइन्छ।

यस्ता उग्रपंथीका जोडीले केही समयको निम्ति राम्रो काम गरे। बंगलादेश नेशनल पार्टी (बा.ने.पा.) लाई सत्तामा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरे। तर यी कार्यहरू सँगसँगै असहिष्णुताको भावनाले प्रेरित अर्द्धइस्लामका समुदायलाई कुटपिट गर्ने, तिनीहरूको सम्पति हड्पने जस्ता आतंकित कार्यहरूको सिर्जना पनि गरे। बंगलादेशमा सरकारको परिवर्तन सँगसँगै यसप्रकारको संस्थानहरूको अस्तित्व पनि विलीन भएर गयो। 'मोढरेट अवामी लिग' (मो.आ.लि.) को सत्तामा आगमन गत्तै पार्टीले आई.सी.एस. अनि ज.ई.ई.का नेता तथा कार्यकर्ताहरू विरूद्ध कारबाही गर्दै तिनीहरूलाई थुनुवामा हाले। अन्ततः यस्ता अग्रपंक्ति संस्थानहरूलाई निष्कृय नै पारिदिए। सरकारको यस प्रकारको



कारबाहीद्वारा मदरसा शिक्षा प्रणालीलाई पनि केही हदसम्म प्रभाव पार्‍यो।

भारतको सन्दर्भमा, धेरैजसो मदरसाहरू जो विभिन्न राज्यहरूमा सञ्चालित भइरहेका छन्, तिनीहरूले आफूलाई उग्रवादी क्रियाकलापबाट टाढा राख्न सफल भएको पाइनछ। तर यसो भन्दा भन्दै, यस्ता कतिपय मदरसाहरू पनि भेटिन्छन् जसले आफूलाई समाजबाट छुट्टै राखेको पनि पाइन्छ। यस्ता मदरसाहरूले कट्टरपन्थी इस्लामिक विचारधाराले प्रोत्साहन दिइरहेको अनुमानद्वारा भारत चिन्तित पनि देखिन्छ। भारत सरकार अनि इस्लामिक संस्थाहरूको द्वन्द्वको कारणले यस्ता मदरसाहरूमा विशेष ध्यान दिन सकेका छैनन्। तर आजसम्म भारतमा सञ्चालित मदरसाहरू अनि उग्रवादी इस्लामिक गतिविधि तथा आतंकवादमा कुनै सिधै सम्बन्ध भएको प्रमाण भने भेटिएको छैन। मदरसाको आर्थिक गतिविधिमाथि राखेको कठोर नियम अनि सुनियोजित शैक्षिक पाठ्यक्रमद्वारा भारतमा सञ्चालित मदरसाहरूको रेखाचित्र कोर्न सफल भएको पाइन्छ।

**मदरसा शिक्षाको नैसर्गिक प्रवृत्ति बुझ्न देहाय बमोजिमका टिप्पणीहरू हेर्न अनिवार्य हुन्छ :**

मदरसा शिक्षाले पृथककृत वातावरणमा हुर्केका बच्चाहरूलाई समाज तथा साधारण जनतासँग हेलमेल गर्नको साटो तिनीहरूको एउटा छुट्टै अस्तित्व निर्माण गर्ने गरेको देखिन्छ। जहाँ आजको आधुनिक समाजले बच्चाहरूको सम्पूर्ण विकास अनि तिनीहरूको जीवन तथा यथार्थसँग परिचयको निम्ति समाजको मिश्रित संस्कृति, रितिरिवाज, धर्म आदिले महत्वपूर्ण भूमिका निर्वाह गरेको ठान्छन् भने मदरसा शिक्षाले यस्ता कुराहरू तर्फ संकुचित दृष्टिकोण राख्दछ। जसको कारणवश उनीहरूलाई समाजको गतिविधिमा संलग्न हुन गाह्रो पर्दछ।

झट्ट हेर्दा मदरसाले गरिब-दुखी बच्चाहरूको शिक्षाको आवश्यकतालाई पूरा गरेको देखेतापनि वास्तवमा धेरैजसो मदरसाहरूले धार्मिक शिक्षामा नै विशेष जोड दिएको पाइनछ।

संसारका विभिनन देशहरूको सरकारहरूले मदरसा शिक्षालाई समयको मागसँग परिवर्तन गर्न चाहे तापनि पूर्णरूपमा सफल भने हुन सकेको देखिँदैन। किनभने मदरसालाई प्रायजसो इस्लामिक संस्था तथा मस्जिदहरूसँग जोड्ने गर्दछन् अनि यही संस्थाहरूले नै मदरसाको निम्ति शिक्षक नियुक्ति गर्ने गर्छन्। उनीहरूको दृष्टिमा प्रभावकारी 'उलेमा' अनि 'मुल्हा' नै मदरसाको निम्ति उपयुक्त शिक्षक हुन सक्छ।

विश्वभरि सञ्चालित भइरहेको धेरैजसो मदरसाहरूको मूल उद्देश्य इस्लामिक विज्ञ तथा इमाम सिर्जना गर्नु रहेको पाइनछ, ठाकुर तथा इन्जिनियर होइन। यस्ता मदरसाहरू जसले आफूलाई आधुनिक भएको ठान्दछन् तिनीहरू पनि यस कार्यमा असफल भएका छन् र मदरसाका पाठ्यक्रम धेरै सीमित भएका कारणले त्यहाँ अध्ययनरत् विद्यार्थीहरूले उच्च शिक्षाको निम्ति कुनै पनि विश्वविद्यालयमा भर्ना पाउन अति गाह्रो पर्दछ। जसको कारणवश तिनीहरूको उच्च शिक्षा लिने चाहनामा बाधा पर्दछ। भारतका उत्तर प्रदेशमा मदरसाबाट शिक्षा लिई उत्तीर्ण भएका विद्यार्थीहरूले विश्वविद्यालयमा अध्ययन गर्नको निम्ति राज्य सरकारद्वारा सञ्चालित विशेष परीक्षामा उत्तीर्ण भएको हुनुपर्ने प्रावधान बनाएको छ।

मदरसा शिक्षाले आफ्नो विद्यार्थीहरूलाई आजको आधुनिक समाजको मानिसहरूसँग काँधमा काँध मिलाएर हिंड्ने तथा बस्ने व्यक्तिको रूपमा विकास गर्न तथा शिक्षित बनाउन असफल भएका छन्। यसैको फलस्वरूप धेरैजसो मदरसाबाट स्नातक गरेका विद्यार्थीहरूले अन्तमा गएर मदरसाको मौलनी तथा मस्जिदको इमामको रूपमा काम गर्नु नै ठिक ठान्दछन्।

यदि मदरसाको साँच्चै नै आर्थिक विपन्न परिवारको परोपकारको निम्ति शिक्षा दिने काम गरेको हो भने यसले छात्र अनि छात्रा दुवैलाई समान रूपमा शिक्षा दिनुपर्ने हो। तर मदरसाले सुरूदेखि नै छात्रालाई तथा छात्र-छात्रा मिश्रित विद्यार्थीहरूलाई शिक्षा दिने मान्यतालाई नकार्दै आएका छन्।

मदरसा शिक्षा पद्धतिलाई आधुनिकिकरण गर्नु भन्न जति सजिलो छ, गर्न त्यत्तिकै गाह्रो छ। कुनैपनि शैक्षिक संस्थाको विकास तथा आधुनिकिकरण त्यस संस्थाले प्राप्त गर्ने आर्थिक सहयोगमा निर्भर गर्दछ। केही मदरसाहरू जसले धेरै मात्रामा आर्थिक सहयोग प्राप्त गरे तापनि तिनीहरूले विशेष प्राथमिकता ईश्लाम धर्मको प्रचार-प्रसार गर्न, कठोर धार्मिक पहिरन धारण गर्न, पृथकरणवादी कक्षा संचालन गर्न गर्न अनि व्यक्तिको निजी स्वतन्त्रता हनन गर्ने काममा नै केन्द्रित गरेको पाइन्छ। मदरसा शिक्षाले एक प्रकारले संकुचितवाद तथा विसंगतिवादी मान्यतालाई अघि बढाएको अनुमान हुन्छ जो आजको आधुनिक समाजको विचारधारको ठिक उल्टो देखिन्छ।

जुन ठाउँमा मदरसाहरू च्याउ जस्तै पलाएका छन्, त्यस ठाउँमा देवबन्दी मदरसाहरूको पनि स्थापना भएको पाइन्छ, जो संवैधानिक रूपमा उग्रवादी शैक्षिक पद्धतिबाट प्रेरित देखिन्छन्। देवबन्दी मदरसा बिशेष उग्रवादी तथा अतिवादी विचारधारलाई प्रोत्साहन दिने संस्थाको रूपमा पनि चिनिन्छन्। धेरै अनुभवी तथा ज्ञान भएका देवबन्दी स्तानकहरूले प्रायजसो आफ्नो छुट्टै मदरसा स्थापित गर्ने गर्दछन् अथवा अन्य मदरसाहरूलाई आफ्नो विचारधाराले प्रभाव पार्ने प्रयास गर्दछन्।

च्याउ जस्तै उम्री रहेका मदरसाहरूलाई आफ्नो अस्तित्व बचाउन तथा कुनै प्रकारको विकासको काम गर्न एक अर्कामा धेरै प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। यस्तो प्रतिस्पर्धाको दौडमा दौडिरहँदा यिनीहरू सजिलैसँग ईश्लामिक धर्मका विभिन्न सम्प्रदायहरू जस्तै : अजे, ईद, हदित, बरेलतील देबबन्दी अनि जमात-ई-इश्लाम् आदिको शिकार तथा प्रभावमा पर्ने गर्दछन्। यस्ता सम्प्रदायहरूको प्रभावको विरूद्ध उभिनु मदरसाहरूको निम्ति ठूलो समस्या तथा चुनौती भएको देखिन्छ। यस्ता विसंयोजनवादी परम्पराले मदरसामा अध्ययनरत युवाहरूलाई जिहादी समूह गठन गर्नमा प्रेरित गर्दछ, जसले आफ्नो सुविधा अनि फाईदा अनुरूप परिस्थितीको शोषण गर्ने गर्दछ।

आर्थिक सहयोगको निरन्तर आवश्यकता पर्ने भएको हुनाले धेरैजसो मदरसाहरूले खाडी देशहरूबाट आर्थिक सहयोग ग्रहण गर्ने गरेको देखिएका छन्। उपमहाद्वीपमा संचालित मदरसाहरूको निम्ति साउदी अरबी एउटा उदारवादी आर्थिक सहयोगकर्ताको रूपमा देखापरेका छन्। साउदी अरबियाबाट आर्थिक सहयोग प्रदान गर्ने मुलतः त्यस प्रकारका संस्था तथा प्रतिष्ठानहरू छन् जो पुरानो शुद्ध ईश्लाम धर्मलाई पुनजार्गरण गर्ने उद्देश्यले रूढिवादीतन्त्र अतिरूढिवादी 'बहाबी' ईश्लाम धर्मको प्रबर्द्धन गर्ने काममा संलग्न छन्। तिनीहरू ईश्लाम धर्मावलम्बीहरूलाई 'हज' जान प्रोत्साहन गर्छन्, मृतकको नाममा सिमेन्टको मुल स्मारक बनाउनमा जोड दिन्छ। साथै अईश्लामिक धावलम्बीहरूलाई ईश्लाम धर्म अबलम्बन गर्न प्रोत्साहित पनि गर्छन्।

आर्थिक सहयोगको साथ साथै खाडी देशहरूका यस्ता संस्थाहरू उनीहरूको विशेष पाठ्यक्रम अनि कितावहरू पनि मदरसाहरूलाई दिने गरेको देखिएका छन्। यस्ता पाठ्यक्रमले रूढिवादि ईश्लामिक धर्मको पृष्ठभूमि बनाउने काम गर्दछ जसले ती मदरसाहरूमा अध्ययनरत विद्यार्थीहरूलाई समाजमा बसोबास गर्ने अन्य समुदायका व्यक्तिहरूसँग कुराकानी तथा साठगाँठ गर्नबाट रोक लगाउँछ। ईश्लामिक धर्मविद्हरू प्राय भन्ने गर्छन् - उनीहरू आफ्नो मदरसाका विद्यार्थीहरूको व्यक्तिगत स्वतन्त्रतामा रोक लगाउँछन् अनि उनीहरूलाई धार्मिक पहिरन अवधारण गर्नमा विशेष जोड दिन्छन् किनभने उनीहरू सामाजिक संजालको प्रभावबाट मुक्त एउटा छुट्टै अस्तित्व भएको ईश्लामिक धर्मको विकास गर्न चाहन्छन्।

मदरसामा अध्ययन गर्न जाने विद्यार्थी तथा तिनीहरूको परिवारको आचरण तथा हाउभाउमा जर्बजस्त तथा उग्र परिवर्तन आएको धेरै उदाहरण पाईन्छ। मदरसामा अध्ययन गर्ने बच्चाहरू आफ्नो अभिभावकहरूलाई प्राय यस्तो प्रश्न सोध्ने गर्छन् – आमाले बुर्का किन नलगाएको ? के टेलिभिजन हेर्नु हराम हो ? के मेरो हिन्दु साथी तथा अन्य समुदायका साथीहरू काफिर हुन् ? आदि। केहि दृष्टान्तहरूमा आफ्नो बच्चामा आएको यसप्रकारको रूढिवादि परिवर्तनले भयवित् भई अभिभावकहरू आफ्नो बच्चाहरूलाई मदरसा जानबाट रोक लाएका पनि देखिएका छन्। –एजेन्सी

## संक्षिप्त समाचार

### प्रधानमन्त्री ओलीको पुतला दहन

जनकपुरधाम। नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघले प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला जलाएको छ। सोमबार रामानन्द चौकमा नेवि संघ धनुषामा आबद्ध विद्यार्थीहरूले प्रधानमन्त्री ओलीविरूद्ध नाराबाजी गर्दै पुतला दहन गरेका थिए। नेविसंघका विद्यार्थीहरूले केपी ओली मुर्दावाद, हत्यारा सरकार मुर्दावाद, बलात्कारी सरकार मुर्दावाद, दमन गर्न पाइँदैन भन्दै नाराबाजी गरेका थिए। यसैगरी, पुतला दहन गर्दैगर्दा प्रहरीले नेविसंघका नेता कार्यकर्ताहरूलाई पक्राउ गरेको थियो।

### विकास र शान्तिका लागि छठ व्रत

विराटनगर। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले नगरको समृद्धि, विकास र शान्तिका लागि छठ व्रत गरेका छन्। उनले आफ्नो सङ्कल्प पूरा गर्न विराटनगर महानगरपालिका-३ स्थित शिव पञ्चायन मन्दिरबाट प्रणाम गर्दै छठ पर्व मनाउने घाटसम्म पुगेका थिए। करीब साढे तीन किमीको यात्रा उनले चार घण्टा घस्रँदै अर्थात् दण्डप्रणाम गर्दै नदी किनारमा पुगेर बेलुका सूर्य भगवानलाई अर्घ्य दिएका छन्। छठ पर्वमा गर्ने सबै विधि अपनाएर उनले यस वर्ष १५ औं पटक दण्डप्रणाम गरेका छन्।

### दलित तथा असहाय महिलाहरूलाई साडी

वीरगन्ज। संघीय समाजवादी फोरम नेपालका जिल्ला अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रदीप यादवले छठ पर्वको अवसरमा दलित तथा असहाय महिलाहरूलाई साडी उपहार दिएका छन्। सांसद यादवले संसदीय निर्वाचन क्षेत्र नं. १ मा छठ पुजाको शुभ अवसरमा नगवा, ईनर्वा, लक्ष्मणवा, श्रीपुर, भेडियारी लगायतको ठाउँमा दलित असहाय महिलाहरूलाई साडी जितरण गरेका हुन्।

### फोहोर व्यवस्थापनका लागि ३५ बिघा

कैलाली। सुदुरपश्चिम प्रदेशको राजधानी रहेको धनगढीको फोहोरमैला व्यवस्थापनका लागि ३५ बिघा जमिनको व्यावस्थापन गरिएको छ। धनगढी उपमहानगरपालिकामा निर्माण हुन लागेको ल्याण्डफिल साइट निर्माणमा देखिएको विवाद समाधानको प्रयास अन्तिम चरणमा पुगेको जनाउँदै उपमहानगरपालिकाले यस्तो दाबी गरेको हो। एसियाली विकाश बैंकको ऋण सहयोगमा सरकारी अनुदानमार्फत धनगढीमा निर्माण हुन लागेको एकीकृत फोहोरमैला व्यावस्थापन केन्द्रको प्राविधिक रूपबाट अध्ययान भइसकेपछि विवाद अन्त्य भएको उपमहानगरले जनाएको छ।

### गरीब विद्यार्थीलाई सहयोग

नेपालगञ्ज। कतार च्यारिटीअन्तर्गत बाँकेका अनाथ बालबालिका, अपाङ्गता भएका तथा गरीब विद्यार्थीलाई आर्थिक सहयोग उपलब्ध गराइएको छ। कतार सरकारको सामाजिक संरक्षण परियोजनाअन्तर्गत बाँके युनेस्को क्लबले मंगलबार एक कार्यक्रमको आयोजना गरी विद्यार्थीलाई सहयोग उपलब्ध गराएको हो। जिल्लाका विभिन्न सामुदायिक विद्यालय, मदरसा र बोर्डिङ स्कुलमा अध्ययनरत ३३ जना अनाथ, अपाङ्गता भएका तथा गरीब बालबालिकालाई नगद सहयोग उपलब्ध गराइएको छ। सत्र वर्षमुनिका बालबालिकालाई नगद रू छ हजारदेखि ३२ हजारसम्म सहयोग उपलब्ध गराइएको छ।

### आगलागी पीडितलाई राहत

वीरगन्ज। वीरगन्ज महानगरपालिकाका प्रमुख विजय सरावगीले अलौका दुई आगलागीपीडित परिवारलाई राहत सामग्री तथा आर्थिक सहयोग प्रदान गरेका छन्। तिहारका दिन भएको आगलागीबाट घर जलेर नष्ट भएका सन्त महतो नुनिया र समसोदिन मियाँलाई व्यक्तिगत रूपमा राहत सामग्री तथा आर्थिक सहयोग प्रदान गरे। आर्थिक सहयोग प्रदान गर्दै उनले नियम अनुसार महानगपालिका तथा सम्बन्धित निकायबाट पाउने आर्थिक सहयोग प्रदान गराउन सक्दो पहल गर्ने आश्वासन समेत व्यक्त गरे।

### सोडारी पदमुक्त, सुवेदी नियुक्त

धनगढी। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सामाजिक विकासमन्त्री दीर्घबहादुर सोडारीलाई पदमुक्त गरेका छन्। नेपालको संविधानको धारा १६९, उपधारा २ को 'ख' बमोजिम उनलाई पदमुक्त गरिएको हो। रिक्त सामाजिक विकासमन्त्रीको पदमा संविधानको धारा १६८ को उपधारा ९ बमोजिम प्रदेशसभा सदस्य कृष्णराज सुवेदी नियुक्त भएका छन्। उनी नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट कैलाली जिल्ला निर्वाचन क्षेत्र ४ बाट निर्वाचित प्रदेशसभा सदस्य हुन्।

### १९ जुवाडे पक्राउ

कपिलवस्तु। दोहनीमा जुवा खेल्दै गरेका १९ जनालाई प्रहरीले प्रक्राउ गरेको छ। कपिलवस्तु नगरपालिका ११ स्थित दोहनी चोकमा सञ्चालन जुवा खालमा छापा हान्दा एक लाख २१ हजार ३१५ रूपियाँ बरामद भएको छाप्रहरीले १३ वटा मोटरसाइकल र १५ थान मोबाइल फोन र चार गड्डी तासस‌मेत नियन्त्रणमा लिएको छ। दैनिक लाखौंको जुवा हुने र जुवा सञ्चालकले बोटबापत जितेको रकमबाट १० प्रतिशत पाउने गरेको जुवाडेहरू बताउँछन्।

### आगलगीबाट ३६ लाखको क्षति

रौतहट। जिल्लाको विभिन्न ठाउँमा भएको आगलगीमा करीव ३६ लाख मूल्य बरवारको क्षति भएका छन्। लक्ष्मी जी घरमा आएर बास गर्ने आश लिएर बेहुली जस्तो सज़ाएर राखिएको घर आधी घण्टामै खरानीमा परिणत भयो। स्थानीय परोहा नगरपालिका वड़ा नम्बर ८ नरकटियामा ४ जनाको ,दुर्गा भगवती गाउँपालिका २ मा ४ जना गौर नगरपालिका ,राजदेवी नगरपालिका,कटहरिया नगरपालिका र बृन्दावन नगरपालिकामा एक एक जना गरी ११ जनाको घर दियोले जलाई खरानी बनाई दिएका छन्। नरकटिया निवासी विगु महतोको घर जल्दा घर भित्र रहेका १ वटा भैसी, १ पाडी, ३ वटा बखरा जलेर मरेका छन भने घर पूर्ण रूपमा क्षति भइसकेका छन्। ठाकुरको करीव १४ लाखको क्षति भएको प्रहरीले जनाएको छ। ठाकुरको घरबाट सल्केको आगेले छिमेकी सिकिन्दर ठाकुर हजाम, विजय ठाकुर र वीरेन्द्र ठाकुरको टालीको छाना भएको घर जलेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# सफल व्यावसायिक माछापालक

दाङ। तुलसीपुर उपमहानगरपालिका-१० गौरीगाउँका ६१ वर्षीय तुलबहादुर बस्नेत अहिले आफूलाई व्यावसायिक माछापालक किसानका रूपमा चिनाउन सफल भएका छन्। उनले करीब चार बिघा क्षेत्रफलमा पाँच पोखरी निर्माण गरेर व्यावसायिक रूपमा माछापालन गरिरहेका छन्। तुलसीपुर बजारदेखि चार किलोमिटर दक्षिण पश्चिममा पर्ने गौरीगाउँमा रहेको उनको घरमा अहिले दैनिक माछा लिन आउनेको सङ्ख्या बढ्दो छ। आठ वर्षदेखि माछापालन गर्दै आएकामा विगत चार वर्षदेखि आफ्नै घरमा र आफ्नै लगानीमा यो काम गर्दै आएको उन बताउँन्छन्।

अहिले माछापालनबाट सबै खर्च कटाएर वार्षिकरूपमा रू १३ लाखसम्म बचत गर्न सफल भएको बस्नेत बताउँछन्। चार वर्षसम्म स्थानीय गौरी तालमा ठेक्कामा लिएर माछापालन व्यवसायमा आबद्ध हुनुभएका बस्नेत त्यस बेला माछा बिक्रीबाट राम्रो आम्दानी लिन सफल भएपछि रू ४२ लाख खर्च गरी आफ्नै जमीनमा पाँचवटा पोखरी निर्माण गरेर घरमै व्यावसायिक रूपमा माछापालन शुरूआत गरेको बताउँछन्।

"घरमा माछा लिन आउनेले पनि अहिले कसरी र कहिलेदेखि यो व्यवसायको शुरूआत गर्नुभयो भन्दै सोध्छन्," उनी भन्छन्, " शुरूमा मकै तथा तोरी लगाउने गरेको र राम्रै उत्पादन हुँदै आएको जग्गामा माछापालनका लागि पोखरी निर्माण गर्दा आफूलाई केही गाह्रो भएको थियो तर चार वर्षसम्म गौरीतालमा माछापालन गरेर बिक्री भएको आम्दानीका कारण आफू घाटामा भने नपर्ने विश्वासले नै यो व्यवसाय शुरू गरेको हुँ।"

हाल उनको चार बिघा जमीनभित्रको पाँचवटा पोखरीमा ग्रास, कमन, रहु र नैनी जातका माछा छन्। त्यहाँ उत्पादन भएका माछा स्थानीय तुलसीपुर बजार तथा जिल्लाका अन्य बजारमा बिक्रीका लागि लगिन्छ। धेरै ग्राहक अहिले घरमै माछा लिन आउने गर्छन्। गत असारसम्म १५० क्विन्टल माछा बिक्री भएको बताउनुहुने बस्नेत अहिले त मौसम छ दैनिक पाँचदेखि १० क्विन्टलसम्म माछा बिक्री हुने गरेको जानकारी दिन्छन्। उनले उत्पादन गरेका माछा प्रतिकिलो थोकमा रू १८० देखि २०० सम्म र फुटकरमा रू २५० देखि ३०० सम्म बिक्री हुँदै आएको छ। राज्यको हालसम्म रू एक पनि सहयोग नभएको र प्राविधिक सहयोगसमेत नपाएको बताउनुहुने बस्नेतले पोखरी मर्मत र भुरा उत्पादनमा सहयोगको अपेक्षा गरेका छन्।

माछामा समस्या देखिएमा भैरहवाका माछा विशेषज्ञ र लमहीमा माछापालन गर्दै आउनुभएका श्रीधर वलीसँग सहयोग लिने गरेको पनि उनी बताउँछन्।

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- **चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी बापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,**
- **पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,**
- **फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्बन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,**
- **कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,**
- **त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

# लुम्बिनीमा १८ देशका एक हजार बौद्ध भिक्षु

चन्द्रकान्त खनाल, रूपन्देही । बुद्धजन्मस्थल लुम्बिनीमा आजदेखि बौद्ध ग्रन्थ त्रिपिटक वाचन सुरू भएको छ । लुम्विनी स्थित मायादेबि मन्दिर परिषरमा सुरू भएको त्रिपिटक वाचनमा बिभिन्न १८ देशका करिव एक हजार बौद्ध भिक्षु, भिक्षुणी, उपासक, उपासिका सहभागी भएका छन् । लुम्बिनीको आध्यात्मिक विकासमा टेवा पुर्याउने उद्धेश्यल पहिलो पटक नेपालमा ३ दिने बौद्ध ग्रन्थ त्रिपिटक वाचन आयोजना गरीएको हो । त्रिपिटकबारे धेरै नेपाली अनभिज्ञ रहेको र बौद्ध धर्ममा यसको विशेष महत्व भएकाले नेपालमै पहिलो पटक बुद्ध जन्मस्थल लुम्बिनीमा त्रिपिटक वाचन गरीएको अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं आयोजक भिक्षु मैत्रीले बताए । अमेरिकन बुद्धिष्ट एसोसिएसन, अखिल नेपाल भिक्षु महासंघ, थाई बुद्ध



विहार लुम्बिनीको संयुक्त आयोजनामा त्रिपिटक वाचन बिहान ८ बजेदेखि साझ ५ बजेसम्म ३ दिन चल्ने छ । वाचन सुरू हुनु अघि लुम्विनीको बिश्व शान्ति दीपबाट शान्ति र्याली निकालिएको थियो । र्याली मायादेबि मन्दिर परिषरसम्म पुगेको थियो ।

## विभेद र छुवाछुतको घटना पञ्चायती गरेरै छिनोफानो

सिरहा । कानूनी रूपमा दण्ड र सजायको व्यवस्था हुँदाहुँदै जातीय विभेद र छुवाछुतको घटना अझैसम्म गाउँ एवं प्रहरीमा पञ्चायती गरेरै छिनोफानो गर्ने गरिएको छ ।
सिरहाको कल्याणपुरकी एक मरिक समूदायकी महिलालाई स्थानीय यादव थरका एक युवकले जातिकै आधारमा गालीगलौज तथा कुटपिट गर्दा समेत प्रहरीमा गालीगलौज र दुर्व्यवहारको ठाडो उजुरी मात्र दर्ता भएको थियो । प्रहरीमा हतियार देखाएर जातिकै आधारमा गालीगलौज र हातपात गरेको मौखिक जानकारी गराउँदा समेत प्रहरीमा गालीगलौज र दुर्व्यवहारको उजुरी मात्रै दर्ता भएको पीडित महिलाले बताइन् ।
नगरपालिका कार्यालयमा मिलापत्र गर्न पीडकपक्षको दबाब हुँदा समेत पीडित महिला न्याय दिलाउन प्रहरीमा पटक पटक आग्रह गरेकी थिइन् । स्थलगत अनुगमनमा जातिय आधारमै घटना भएको पत्ता लागेपनि सामाजिक दवावका कारण उजुरीमा ती सबै कुरा नआएको हुनसक्ने नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ सिरहाका अध्यक्ष मोहन पासवानले बताए ।
सामाजिक दबाबकै कारण प्रहरीले आइन्दा पीडितलाई थप पीडा हुने कुनै कार्य नगर्न काँगजा गराएर मिलापत्र गराएदिएकोले यस घटनालाई कानूनी रूपमा अदालतसम्म पुऱ्याउन कठिनाई हुने उनले बताए । जातिकै आधारमा कुनै ब्यक्तिको अवहेलना, मानवताविरोधी लगायतकाकार्य गरेमा अधिकत्तम तीन महिनादेखि तीनबर्षसम्म कैद र पचास हजार रूपैयादेखि दुईलाख रूपैयासम्म जरिवानाको ब्यबस्था छुवाछुत तथा भेदभाव(कसुर र सजाय)ऐन, २०७५ मा छ ।

## तीन जना अभियानी सम्मानित



महोत्तरी । सेभ जलेश्वरमार्फत स्वच्छता महाअभियानलाई निरन्तर अगाडि बढाएको कदर गर्दै सेभ द हिस्टोरिकल जनकपुरधामले जलेश्वर क्षेत्रका अभियानी एवं पत्रकार राकेश प्रसाद चौधरीसहित तीन जनालाई सम्मान गरेको छ । जलेश्वरबाट सम्मानित हुनेहरूमा अभियानी तथा पत्रकार चौधरी, सेभ जलेश्वर एवं शिवगंगा आरतीका रमण कुमार चौधरी र राजेश राम छन् । प्रदेश २ का प्रदेशसभा सदस्य रामअशिष यादव, प्रा.डा.भोगेन्द्र झा, जलविज्ञ ईन्जिनियर रत्नेश्वर लाल कर्ण, समाजसेवी अनिल चन्द्रसहितका व्यक्तित्वहरूले संयुक्त रूपमा पत्रकार चौधरी लगायतका व्यक्तिहरूलाई गमछा ओढाएर सम्मान पत्र प्रदान गरेका छन् । जनकपुरधाममा आयोजित जनकपुरधाम स्वच्छता महाअभियान चुनौती एवं अवसर विषयक गोष्ठि समेत आयोजना गरिएको थियो । सो कार्यक्रममा जनकपुरधाम क्षेत्रको विभिन्न नदी तथा तलाउहरूमा स्वच्छता अभियान चलाउने व्यक्तिहरूलाई समेत सम्मान गरिएको थियो ।
सेभ जलेश्वरले स्वच्छता महाअभियानलाई निरन्तता दिंदै सरसफाई, ब्रम्हचारी कुट्टी पार्क निर्माण तथा शिव गंगा आरतीमा सहयोग गर्दै आएको छ ।

## दुवै देशका सांसदको प्रतिबद्धता

काठमाडौं । कञ्चनपुरको महाकाली नगरपालिका ८ दोधाराचाँदनीमा सुख्खा बन्दरगाह बनाउनका लागि नेपाल-भारतका सांसदले साझा प्रतिबद्धता जनाएका छन् । महाकाली नगरपालिका ७ को गाउँबाबाथानमा तिहारको अवसरमा आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा नेपालका तर्फबाट प्रतिनिधिसभा सदस्य डा. दीपकप्रकास भट्ट र भारतका तर्फबाट उत्तराखण्ड प्रदेश खटिमा क्षेत्रका विधानसभा सदस्य पुष्करसिह धामीले सुख्खा बन्दरगाह निर्माणका लागि आ(आफ्नो देशका तर्फबाट पहल गर्ने प्रतिबद्धता जाहेर गरेका हुन् । उनीहरूले नेपाल-भारतको सम्बन्ध बलियो बनाउनका लागि सुख्खा बन्दरगाह निर्माण गर्नुपर्नेमा जोड दिएका थिए । उत्तराखण्ड प्रदेश खटिमा क्षेत्रका विधान सभा सदस्य धामीले सुक्का बन्दरगाहको काम अघि बढाउनका लागि भारत सरकार सदैव नेपालको साथमा रहेको बताए । बन्दरगाह निर्माण नभएका कारण व्यापार घाटा बढेकाले त्यसको निराकरणका लागि बन्दरगाह निर्माण हुनुपर्ने उनले बताए । नेपाल-भारतको रोटी र बेटीको प्रगाढ सम्बन्ध भएकाले यसलाई अगाडि बढाउनुपर्ने उनको भनाई थियो ।

## अध्यात्म ज्ञानको पवित्र भूमि नेपाल

काठमाडौं । भारतीय जनता पार्टीका नेता एवं भारतको लोकसभा अन्तर्गतको रक्षासम्बन्धी समितिका अध्यक्ष कलराज मिश्रले पुरातात्विक सम्पदा, धार्मिक सांस्कृतिक मठमन्दिरले भरिपूर्ण नेपाल अध्यात्म ज्ञानको पवित्र भूमि भएको उल्लेख गरेका छन् । भारत र नेपालबीच भौगोलिक, सांस्कृतिक, आर्थिकलगायत हिसाबले सदिऔंदेखि गहिरो सम्बन्ध रहिआएको उल्लेख गर्दै उनले आपसी सहयोग र सम्बन्धलाई थप प्रभावकारी बनाएर लैजाने विश्वाससमेत व्यक्त गरे । वल्ड बुक्सका अध्यक्ष सन्तोष शुक्लले पुरातात्विक महत्वको पशुपतिनाथ, बौद्धधर्मावम्बीको केन्द्र लुम्बिनी र नेपालको धरोहरका रूपमा रहेको द्वारिका होटललाई सूचीकृत गर्न पाउँदा गर्भको महसुस भएको उल्लेख गरे ।

## हिन्दू परिषद्ले प्रदेश स्तरीय भेला गर्ने

वीरगंज । हिन्दू परिषद् नेपाल प्रदेश २ को बैठक वीरगंजस्थित गोपाल मण्डलीमा सम्पन्न भएको छ । प्रदेश अध्यक्ष पंडित सचितानंद दुबेको सभापतित्वमा सम्पन्न बैठकले संगठन बिस्तार कार्यलाई तीब्रता दिने, हरेक जिल्लामा प्रशिक्षण दिने एवं सभा गर्ने र मंसिर १५ गते वीरगंजमा प्रदेश भरीका अगुवा कार्यकर्ता भेला गर्ने निर्णय गरेको महासचिव प्रमोद सिंहले बताए । बैठकलाई सम्बोधन गर्दै हिन्दू परिषद् नेपालका रास्ट्रीय अध्यक्ष संतोष पटेलले नेपाल लाई पुनः हिन्दू रास्ट्र घोषणा गराउनको लागी परिसद हाल नेपालको ४० जिल्लामा शाखा एवं संगठन बिस्तार गरी कार्य गरी रहेको बताए।यो वर्ष भित्र नेपालको ७७ जिल्ला मै संगठन बिस्तार गर्ने लक्ष्य लिएको र सो कार्यमा सम्पूर्ण नेपाली जनताको साथ एवं सहयोग पाइरहेको बताए ।



### स्थानीय सम्वाद

# नयाँ सोचका साथ अघि बढ्नुपर्छ

२०६१ सालमा नेपाली कांग्रेस प्रजातान्त्रिकबाट राजनीतिक यात्रा शुरू गरी स्थानीय निर्वाचनमा राष्ट्रिय जनता पार्टी नेपालबाट निर्वाचित भएका गौर नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष राकेश कुमार झासँग आर्थिक वर्ष २०७५।२०७६ मा वडा स्तरीय योजना तथा समसामयिक विषयवस्तुको विषयमा मधेशवाणीका लागि राकेश कुमार यादवले गरेको कुराकानीको सम्पादित अंश:



**राकेश कुमार झा**
**वडाध्यक्ष**
**गौर नगरपालिका वडा नं. २, रौतहट**

**० चालू आर्थिक वर्षमा तपाईले वार्डमा विकासका लागि कुन कुन योजना राख्नु भएको छ ?**

– चालू आर्थिक वर्षमा नगरपालिका कार्यालयबाट ५० लाख रकम बजेट पाएको र सो मध्ये १० लाख रूपैयागौर राईस मिलकोजगगा अधिग्रहणको लागि गएको र बाँकी रहेको ४० लाख रूपैयाको विकास निर्माणमा खर्च गर्ने योजना बनाएको छु ।

**० के कस्ता योजना छनौट गरी कार्यान्वयन गर्नु हुन्छ ?**

– आफ्नो वार्ड अंतर्गत पर्ने महादेवपट्टी टोलमा पानी निकासको समस्या रहेको हुँदा सो वार्डमा तत्काल नाला निर्माणको लागि १० लाख, सड़क ढलानमा २ लाख, धर्म संस्कृति जगेर्नाको लागि ३ लाख, सटररहित भवन निर्माणको जुड़ माध्यमिक विद्यालयमा ५ लाख, दैविक प्रकोप नियंत्रणको लागि १ लाख, महिलाहरूको सशक्तिकरणको विभिन्न शिपमूलक कार्यक्रम सञ्चालनको ६ लाख रकम छुट्याइएको छ । नयाँ सड़क निर्माणको ५ लाख, शुद्ध खानेपानीको लागि ५ लाख, नाला मर्मत, पोखरी पुर्नका लागि २ लाख रकम छुट्याइएको छ ।

**० योजनाहरू कसरी कार्यान्वयन गर्ने सोच राख्नु भएको छ ?**

– छनौट गरिएको योजना जनताको प्रत्यक्ष सहभागितामा पारदर्शिता रूपमा कार्यान्यवयन गराउने निति लिएको छु । जनताले दिएको मतको कदर गर्दै अघि बढ़ने उदेश्य मेरो रहेको छ । बजेट दुरूपयोग नहुने उदेश्यले कोटेशन र उपभोक्ता समिति मार्फत कार्य गर्ने छू ।

**० नगरपालिकाले वड़ाको विकास प्रति कस्तो भावना राखेकेका छन् ?**

– नगरपालिकाले सबै वडाको स्तरीय विकास होस् भन्ने सोच राखेको छ । नगरप्रमुख अजय कुमार गुप्ता विकासप्रेमी मानसिकताका भएकोले भ्याएसम्मको सहयोग गरिरहनु भएका छन् । उहाँले जनताको काम समयमा सहज रूपमा गर्नु पर्ने दबाब दिनु हुन्छ ।

**० तपाई जनताको प्रतिनिधि भएर काम गरी राख्नु भएको छ, कस्तो महसूस भइरहेको छ ?**

– जनताको सेवा गर्ने मौका पाएकोमा आफुलाई खुशी महसूस भैरहेको छ । विकासको कार्य गर्नुमा कुनै किसिमको असहज भैरहेको छैन जहा सम्म वड़ाका जनताले मलाई सहयोग गरी राख्नु भएको छ ।

**० अंतमा तपाई यस पत्रिका मार्फत के सन्देश दिन चाहनु हुन्छ ?**

– अहिले मुलुकमा तीन तहका सरकार रहेका छन् । स्थानीय, प्रादेशिक र संघीय सरकार रहेकोले जनताको विकासको लागि तिनै सरकार विच सहकार्य र समन्वय हुनुपर्छ । केन्द्रीय सरकारले प्रादेशिक सरकार तथा प्रदेश सरकारले स्थानीय सरकारसित विभेद गरे भने मुलुक र जनताको विकास हुन सक्दैन । नगर प्रमुखले वड़ा अध्यक्षलाई सहयोग गर्नु पर्ने हुन्छ भने वड़ा अध्यक्षले जनताको भावना अनुसार कार्य गर्नु पर्ने हुन्छ । आगामी आर्थिक वर्षमा शिक्षा स्वास्थ्यको अवस्था सुधार गर्न बढ़ी लागि गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । रौतहटको शिक्षा र स्वास्थ्यको अवस्था न्यून रहेकोले सुधार गर्न लगानी गर्नुपर्ने भएको हुदा यस प्रति सवैले ध्यानु दिनु पर्छ । पुरानो व्यवस्था परिवर्तन भई संघीय व्यवस्था लागु भएकोले विकासमा पनि पुराणों सोच त्याग गरी आधुनिक र बैज्ञानिक सोच लिई सहयोग गर्न स्थानीय सित आग्रह गर्दछु ।

## प्राध्यापक झा पुरस्कृत

काठमाडौं । चीनको सियान सरकारले नेपाली प्राध्यापक डा राजीवकुमार झालाई सन् २०१८ को लागि 'सियान फ्रेण्डसिप अवार्ड' पुरस्कार प्रदान गरेको छ । चीनको सान्सी प्रान्तस्थित सियान सरकारद्वारा प्रत्येक दुई वर्षमा दिइने उक्त पुरस्कारका साथ 'सियान एक्सलेन्ट फरेन एक्सपर्ट अवार्ड' प्रा डा झासहित विभिन्न नौ देशका १० जना विशिष्ट युवा वैज्ञानिकसहितका विशिष्ट व्यक्तित्वलाई प्रदान गरिएको हो । करीब दुई महीना अघि घोषणा गरिएको सो पुरस्कार साङ्सी प्रान्तको सियान शहरमा मङ्गलबार आयोजित एक समारोहमा उक्त प्रान्तका गभर्नर लु जियानले हस्तान्तरण गर्नुभएको डा झाले जानकारी दिए । उक्त पुरस्कार प्राप्त गर्नेमा नेपालका झासहित जर्मनी, मलेसिया, क्यानाडा, ब्राजिल, अमेरिका, जापान, यमन र क्रोएसियाका १० जना युवा वैज्ञानिक र विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तित्व रहेका छन् । जापानबाट दुई जना विशेषज्ञ परेका छन् ।

# विश्व परिवेश

## अल्पसंख्यक उग्रवादीहरूले तर्स्याउँदै आएका छन्

पाकिस्तानको राष्ट्रव्यापी निर्वाचनमा लाखौंले मतदान गरेको कुरो त्यति महत्व राख्दैन जति कि इस्लामिक उग्रवादीहरूले त्यस कममा राजनीतिक वैधता प्राप्त गरेको कुरो महत्वपूर्ण हुन आएको छ । मुम्बईमाथिको आक्रमणका मुख्य संचालक हाफिद सईदबाट तिनीहरूले आध्यात्मिक र राजनीतिक प्रेरणा प्राप्त गर्ने कुरो लाई भारतले सम्झनु आवस्यक हुन आएको छ।ओसामा बिन लादेनले एक पटक अध्यान गरेको ,मदरसाहरूले खतरनाक उग्रवादीहरूलाई जन्माउँदै आएको देशको सबभन्दा ठुलो व्यापारीक राजधानी कराचीमा तहरीक -ए-लबैक पाकिस्तान (टी .एल.पी)भन्ने उग्रवादी संगठन नयाँ शक्तिको रूपमा सबभन्दा बढी मत प्राप्त गरेको दावी गर्नु नौलो चुनौती बन्न आएको छ । वरेल्वी समुहका मुख्य पांच वटा इस्लामिक दलहरूका संगठन मुदाहिदा मजलिस -ए-अमालको जनसमर्थनलाई टी.एल.पी. समाप्त पारेको टिप्पणी विश्लेषकहरूले गरेका छन्।तुलानत्मक रूपले हेर्दा वरेल्वी समुह निरन्तर रूपले इस्लामिक देओबन्दी समुहसंग संघर्षरत रहेपछि पछि पर्न गएको हो । एक विश्वश्त र अग्रणी टी.एल. पी. ले पंजावका राज्यपाल सलमानतासीरका आरोपित हत्यारा र स्वयं स्वीकार गरेको मुमताज कान्द्रीको हत्यापछि राम्रो प्रगति गरी उच्च स्थान बनाउनु विकाशको परिचायक भन्ने दावी गरेको छ।पूर्वमा तहरीक लबैक या रसूल अल्लाह रहेको बाट गत वर्ष टी. एल. पी. भन्ने राजनीतिक पार्टीमा परिवर्त्तित भएपछि देशव्यापी रूपमा धर्ना र हड्ताल संगै संसदका विधायकहरू विरूद्ध समेत



आवाज उठाएको कारण टी.एल.पी. ले त्यति माथि पुग्न गएको दावी समेत गरेको छ।इस्लामवाद-पेशावर सम्बन्धी मुख्य धर्ना कैयौं दिनसम्म चलेपछि सेनाले नागरिक सरकारलाई खादिम हुसैन रिज्वी नेतृत्वका विरोधिहरूसंग कुरा गर्न सल्लाह दिएपछि तत्कालीन कानुन मंत्रीले राजीनामा दिए पछि त्यो विराम भएको थियो । टी.एल.पी. बिलाल गाजीले- 'हाम्रो राष्ट्रिय सभाका उम्मेदवारहरूका पक्षमा कराची ३,२१,००० मत प्राप्त गरेका थियौ भने सिन्ध सभाका लागि समेत ज्यादै मत प्राप्त गरेपछि हामी दुई प्रान्तीय सभाका सीटहरूमाथि विजयी भएको' बताएका थिए ।

'डाँन' पत्रिकाले गाजीको भनाई यस प्रकार सार्वजनिक गरेको थियो -'गाजीले तीन प्रान्तीय सभा र एक राष्ट्रिय सभाको पदको नतिजा परिवर्त्तित गरिएको भन्दै - ''हामीले कम्तीमा सिन्धमा ६ र राष्ट्रिय सभामा एक स्थानमा विजय प्राप्त गर्ने थियौं'' सार्वजनिक गरेको थियो। वरेल्वी समुहका मुलधाराका राजनीतिक दलहरूले आफ्नो पराजय स्वीकार गर्न तयार नभए पनि टी.एल.पी. का लागि बढी जनताले मतदान गरेको स्वीकारेको छ । पाकिस्तान निर्वाचन आयोगले तिनीहरूको झण्डालाई अस्वीकृत गरी दिएको कारण सुन्नी उग्रवादीहरू अग्रणी बन्न पुगेका थिए । पकिस्तान निर्वाचन आयोगको सुची अनुसार पंजाब एसेम्वलीको जम्मा २९७ सीट मध्ये २९० सीटको आम निर्वाचनमा चार वटा धार्मिक दलहरू तथा संगठनहरूबाट ५८५ जना निर्वाचनमा सहभागी रहेका थिए भने केही अन्य स-साना धार्मिक पार्टीहरू जस्तै पाकिस्तान सुन्नी तहरकि र मुताहिदा उलेमा -ए-मशैश्व काउन्सिल अफ पाकिस्तान समेत पंजावको निर्वाचनमा सहभागि रहेका थिए। टी.एल. पी.ले कराचीको दुई प्रान्तीय स्थानमा जीतेर सबैलाई चकित तुल्याए पनि उसको निरन्तरको कियाकलापहरू पंजाब र सिन्ध प्रान्तका सहरहरूमा मात्र वर्चश्व रहेको छ। पकिस्तान मुस्लिम लीग - एन भन्ने मुख्य प्रतिपक्षी र सत्तासीन पाकिस्तान तहरीक -ए-इन्साफ भन्ने दुबै अग्रणी र सही दलहरू आम निर्वाचनमा सहभागि रहेपनि टी.एल.पी. समुहगत विस्वासका आधारमा दुबैलाई धेरै पछाडि धकेली अग्रणी बन्न पुगेको छ । जुलाई २५ को आम निर्वाचनले टी .एल. पी . को अप्रत्याशित रूपमा पुराले धार्मिक दलहरूलाई चुनौती दिदै आफ्नो वर्चश्व स्थापित गरीसकेको छ । मुताहिदा मजलिस-ए-अमालले खिबर पख्तुनखावा समेतमा आफ्नो आधिपत्य जमाइसकेको छ । यसको मतलब यो होइन कि मौलानाहरूले देशको राजनीतिमा स्थान बनाएको छैन । पाकिस्तान पिपुल्स पार्टी ले ४३ स्थान प्राप्त गरेर तेस्रो स्थान प्राप्त गरे पनि ६.८ लाख मत मात्र प्राप्त गरेको थियो भने टी.एल. पी. र मुताहिदा मजलिस -ए-अमालले समेत संगै मिलेर चार लाख मत प्राप्त गरेको थियो ।

एक सावधानीपूर्ण विश्लेषणबाट यो स्पष्ट हुन आएको छ कि त्यस्ता धार्मिक पार्टीहरू तथा संगठनहरूका उम्मेदवारहरूले सम्भवत: पहिलो पटक देशको सबभन्दा ठुलो प्रान्तीय सभामा कुल सीटको भन्दा ज्यादै स्थानमा वा कुल स्थानभन्दा दुई गुणा बढी सीटमा सहभागिता जनाएको थियो । पाकिस्तान निर्वाचनको तथ्यांक -अनुसार पंजाबी विधानसभाको कुल २९७ सीट तिनीहरूका ५८५ जना उम्मेदवारहरू सहभागिता जनाएका थिए । विश्लेषकहरूले टी.एल.पी. र त्यस्तै अन्य संगठनहरू पाकिस्तानको मुल धाराका दलहरूका लागि ठूलो चुनौती बनी भविष्यमा राजनीतिक अधिकार समेत प्राप्त गर्ने संभाबना देखिएको छ । *एजेन्सीको सहयोगमा ।*

## प्रधानमन्त्री मोदीद्वारा पहिलो राष्ट्रिय जलमार्ग उद्घाटन

एजेन्सी । बनारसको गंगा नदी तटमा निर्माण गरिएको मल्टिमोडल टर्मिनलको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेसँगै भारतको पहिलो राष्ट्रिय जलमार्ग एक औपचारिक रूपमा सञ्चालनमा आएको छ । पेप्सी इन्डियाको सामान बोकेर १२ दिनअघि कोलकाताबाट छुटेको मालबाहक पानी जहाज रवीन्द्रनाथ टैगोरलाई सोमबार एक औपचारिक कार्यक्रमका बीच मोदीले भारतकै पहिलो 'इन्ल्यान्ड वाटर टर्मिनल' मा स्वागत गरेका हुन् । अन्तरदेशयि जलमार्ग विकास परियोजनाअन्तर्गतको भार करिब २०६ करोड लागतमा यो टर्मिनल बनाइएको हो । टर्मिनल सञ्चालनमा आएपछि सामुद्रिक मार्गबाट कोलकातासम्म आयपुगेको सामान सिधै जलमार्ग हुदै वनारससम्म आइपुग्नेछन् ।भारतीय सञ्चारमाध्यमका अनुसार हल्दिया-प्रयागराज जलमार्गको शिलन्यास पहिलोपटक १९६८ मै भए पनि काम भने सन् २०१४ देखि मात्र सुर भएको हो ।हल्दियादेखि वनारससम्मको गंगा नदीमा निर्माणाधीन राष्ट्रिय जलमार्ग १( एनएच वान)मा विश्व बैङकको प्राविधिक तथा आर्थिक सहयोग रहेको छ । परियोजनाको कुल लागत ५३ अर्ब ७० करोड रहेको छ।जसमा भारत सरकार र विश्व बैंकको आधाआधा लगानी छ ।एनवाच वानअन्तर्गत यस्तै किसिमको मल्टिमोडल टर्मिनल झारखण्डको साहिबगन्ज , पश्चिम बंगालको हल्दिया उत्तर प्रदेशको गाजिपुर पनि निर्माण भइरहेको छ । भारतको इनल्यान्ड अथोरिटि अफ इन्डियाले सञ्चालनमा ल्याउने जलमार्ग विकाश परियोजनाअन्तर्गत यी टर्मिनलहरू ब्नाउन लागिएको हो ।



वनारसमा मोदीले उद्घाटन गरेको टर्मिनललाई नेपालीले पनि विशेष चासोका साथ हेरेका छन् ।भारतको अन्तरदेशीय जलमार्ग विकास परियोजनाअन्तर्गत पर्ने टर्मिनल नेपाललाई जलमार्गले जोड्ने हिसाबले पनि निकै महत्वपुर्ण ठानिएको छ ।वनारस टर्मिनल सञ्चालनमा आएपछि वरै पर्ने साहिबगन्ज र कालुघाट मल्टिमोडल टर्मिनलको निर्माणले पनि तीव्रता पाउने विश्वास गरिएको छ । र, त्यसपछि तेस्रो मुलुकबाट ल्याइएका सामान साहिबगन्जसम्म रकालुघाटसम्म पानि जहाजमा र त्यसपछि सडक वा रेलमार्ग मार्फत विराटनगर र वीरगन्जसम्म पुऱ्याउन सहज हुनेछ ।साहिबगनज टर्मिनल भने मे २०१९ मा निर्माण सम्पन्न गरिने लक्ष्य राखिउको छ। तर वाणिज्य तथा पारवहन सन्धिमा जलमार्गलाई समेट्नेजस्ता काम भने बाँकी नै छन् ।भारतले सुरूगरेको जलमार्ग विकास परियोजनाअन्तर्गत नेपालको सीमासम्मगण्डक (नारायणी) नदीमा र कोसी नदीमा दलमार्ग सञ्चालन गर्न लक्ष्य राखेको छ। ज्सलाइ क्रमस: एन ३७ र एन ५८ नाम दिइएको छ। एन ३७ जलमागृ साहिबगन्ज टर्मिनलमा र एन ५ड कालुघाट टर्मिनलमा जोड्ने योजना छ ।यी दुवै जलमार्ग सञ्चालनमा आएको खण्डमा तेस्रो मुलुकबाट ल्याइने सामान पानि जहाजबाटै सिधै नेपालको सिमासम्म आइपुग्नेछ। ज्सले गर्दा ढुवानी सस्तो पर्नुका साथै हाल सडक र रेलमार्गबाट नेपालको सीमासम्म पुऱ्याउँदा भोग्नुपरेको सास्ती र झन्झटबाट पनि राहत मिल्ने अपेक्षा गरिएको छ ।गत चैतमा भएको प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणका बेला दुई मुलुकबीच जलमार्ग सञ्चालन गर्ने समबन्धमा सहमति भएको थियो।

उक्त सहमतिपछि त्यससम्बन्धमा दुवै मुलुकका समबन्धित अधिकारीहरूबचि विधिन्न चरणमा छलफलसमेत भइसकेको छ । यसैबीच नेपाल सरकारले जलमार्गको सम्भाव्यता लगायतका विषय अध्ययन गर्नका लागि जल तथा ऊर्जा आयोगका सहसचिव माधव बेलबासेको नेतृत्वमा प्राविधिक समितिसमेत गठन गरिएको छ। सहसचिव बेलबासेले वाराणासीको मल्टिमोडल टर्मिनल सञ्चालनमा आउनुले भारत जलमार्ग सञ्चालनका लागि प्रतिबद्धता देखाएको बताए । 'गंगा नदीमा जलमार्ग सम्भव छ भन्ने पनि यसले देखाएको छ,'उनले भने , 'साथै कामको गति हेर्दा बाकी टर्मिनल पनि समयमै सञ्चालनमा आउने विश्वास गर्ने आधार देखिएको छ।'

## एनआरएमएले विश्वका विभिन्न देशहरूमा छठ पर्व मनायो

काठमाडौं । विश्वको विभिन्न भागमा रहेका मधेशीहरूले मधेशको महान पर्व छठ धुमधामका साथ मनाएका छन् । विश्वभरी छरिएर रहेका मधेशीहरूको छाता संगठन गैरआवासीय मधेशी संघ (एनआरएमए) ले अमेरिका, कतार, साउदी, दुबईलगायतका देशहरूमा छठ पर्व मनाएको हो । कतारको दोहामा १३-१४ नोभेम्बर २०१८ को दिन अल वाकरा फैमिली समुद्र तटमा र विश्वभरीमा मधेशीहरूले उत्साह पूर्वक छठ पर्व मनाएका छन् ।

कतारमा भएको छठमा मधेशीहरूको उल्लेख्य रूपमा सहभागिता रहेको कतारको प्रवक्ता चंद्रबिर कुमार यादवले जानकारी गराए । कतारको दोहामा विशेष



कार्यक्रम गरी एनआरएमएले छठ मनाएको छ भने अमेरिकामा पनि विशेष समारोहको आयोजना गरिएको थियो । त्यस्तै साउदीमा रहेका एनआरएमएका सदस्यहरूले पनि छठ मनाएका छन् भने दुबईमा पनि छठ मनाइएको छ । त्यसैगरि विश्वभरी रहेका एनआरएमएका साखा स्पेन, कुवैत, भारत, सऊदी अरबिया, सायप्रस,चीन, मलेशिया, स्वीडन, ओमान, दक्षिण कोरिया, अस्ट्रेलिया, संयुक्त अधिराज्य र सिंगापुरको सदस्यहरूले पनि छठ मनाएका छन् । एनआएएमए अन्तर्राष्ट्रिय समितिका अध्यक्ष बशन्त कुशवाहाका अनुसार छठले मधेशका संस्कृतिलाई विश्वभरी जगेर्ना गर्न तथा मधेशीहरूबीचको एकतालाई सुदृढ पार्न छठ पर्व आयोजना गरिएको थियो ।

जसअनुरूप कार्यक्रमहरू सफल भएकोमा कुशवाहाले खुशी व्यक्त गरे र उनले छठलाई प्रोत्साहन गरेकोमा सम्पूर्ण शाखा तथा सदस्यहरूलाई धन्यवाद ज्ञापनसमेत गरे ।

# जिल्ला समाचार

## विमानस्थल विस्तारका लागि पहल

नेपालगन्ज । नेपालगञ्जस्थित राँझा विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विस्तार गर्न स्थानीयस्तरबाट पहल शुरू भएको छ । विमानस्थललाई आवश्यक पूर्वाधारसहितको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विमानस्थल स्वीकृत गराउन र यहाँबाट भारतको नयाँदिल्ली हवाई उडान अनुमतिका लागि पहल गर्न आइतबार स्थानीयस्तरमा छलफल भएको हो । छलफलमा विमानस्थल विस्तार र दिल्ली उडान अनुमतिका लागि प्रदेश र सङ्घीय सरकारलाई आग्रह गर्ने निर्णय भएको नेपालगञ्ज उपमहानगरपालिकाका उपप्रमुख उमा थापामगरले जानकारी दिइन् । उक्त विमानस्थललाई विस्तार गर्दै भारतको दिल्लीसम्म उडान गर्नसके नेपालगञ्जको विकास हुने भएकाले यसमा जिल्लास्थित राजनीतिक दल, उद्योगी व्यापारीसमेत एकताबद्ध भएको छलफल आयोजक नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष नन्दलाल वैश्यले बताए । क्षेत्रीय अन्तर्राष्ट्रिय उडानलाई सहज बनाउन उक्त विमानस्थललाई अन्तर्राष्ट्रिय उडानयोग्य विमानस्थलका रूपमा विस्तार गर्नुपर्ने नेकपाका जिल्ला नेता अकलबहादुर बमले बताए । उक्त विमानस्थलबाट भारतको नयाँदिल्ली उडान भर्नका लागि बुद्धएयरले अनुमति पाइसके पनि भारतीय पक्षबाट 'स्लट' व्यवस्थापनमा समस्या भएको जनाएकाले त्यसलाई हटाउन सङ्घीय सरकारसमक्ष स्थानीयस्तरबाट पहल गरिएको उनले जानकारी दिए ।

## मुख्यमन्त्री र चिनियाँ राजदूतबीच भेटवार्ता

बुटवल । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले नेपालका लागि चिनियाँ राजदूत यु होङसँग आइतबार बुटवलस्थित मुख्यमन्त्री कार्यालयमा भेटवार्ता भएको छ । भेटवार्तामा मुख्यमन्त्री पोखरेलले आफ्नो प्रदेशमा पर्यटन विकास र कृषि उत्पादनका विषयमा चिनियाँ अनुभव आफ्नो सरकारका लागि काम लाग्ने बताएका छन् । उनले चिनियाँ रेल काठमाडौं हुँदै लुम्बिनी छिट्टै आउने विश्वास पनि व्यक्त गरे । राजदूत होङले नेपालमा कृषिको विकासमा चीनले सहकार्य गर्दै आएको र आगामी दिनमा पनि अझै बढाइने बताए । धेरै चिनियाँको मनमा रहेको लुम्बिनीलाई विश्वकै आकर्षक पर्यटकीय गन्तव्य बनाउन सकिने विश्वास व्यक्त गर्दै उनले विकासमा चिनियाँ अनुभव र प्रविधि आदानप्रदान गरी अघि बढ्न चीन तयार रहेको स्पष्ट गरे । चिनियाँ राजदूतले उपयुक्त समयमा चीनको भ्रमणका लागि मुख्यमन्त्रीलाई निमन्त्रणासमेत गर्नुभएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीले जानकारी दिए । भेटका अवसरमा प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लीला गिरी, प्रतिनिधिसभा सदस्य सुजिता शाक्य, प्रदेश सरकारका प्रमुख सचिव डा तीर्थ ढकाललगायतको सहभागिता थियो ।

## पुर्व नगरप्रमुखको शालिक अनावरण

वीरगंज । वीरगन्ज नगरपालिकाका पूर्वनगरप्रमुख पशुपति घोषको शालिक एक कार्यक्रमबीच अनावरण गरिएको छ । वीरगन्ज महानगरपालिकाद्वारा रू. १० लाखको बजेटमा पुन: निर्मित शालिकको सोमबार बिहान एक कार्यक्रमका बीच नगर प्रमुख विजयकुमार सरावगीले अनावरण गरेका छन् । पूर्वनगरप्रमुख घोषकी छोरी कमला घोषको सभापतित्वमा सम्पन्न भएको शालिक अनावरण कार्यक्रममा बोल्दै नगर प्रमुख विजयकुमार सरावगीले वीरगन्जलाई डिजिटलाइजेटेशन गर्ने कार्य छिटै सुरू गरिने बताए । उनले विगत २० बर्षको जनप्रतिनिधिविहीनताले महानगरपालिकाको विकासकले तीव्रता पाउन नसकेको बताउँदै ग्रेटर वीरगन्जको अवधारणा अनुसार चौतर्फी विकासका लागि मास्टरप्लान महानगरपालिकाले ल्याउन लागेको बताए । उनले पूर्वनगरप्रमुख पशुपति घोषको शालिक निर्माण भएपछि दोश्रो चरणमा वीरगन्जका प्रथम नगरपिता केशर मान्नधर र नगर प्रमुख पदमै मारिनु भएका गोपाल गीरिको शालिक निर्माणक ार्य सुरू गरिने बताए । कार्यक्रममा प्रदेश सांसद एवम् वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष ओमपकाश शर्माले पूर्वनगरप्रमुख घोषले दशकौं अगाडि वीरगन्जको आदर्शनगरको बारेमा गरेको प्लानिगंको चर्चा गरे ।

## महिलालाई साडी वितरण

सर्लाही । श्रद्धा, निष्ठा र लोकआस्थाको महापर्व छठको अवसरमा महिलाहरूलाई साडी वितरण गरिएको छ । स्थानीय तहको निर्वाचनमा कविलासी नगरपालिकाको उपमेयर उम्मेद्वार रेणु ठाकुरले नेपाल फाउण्डेशनको सहयोगमा स्थानीय महिलाहरूलाई साडी वितरण गरेकी हुन् । उनी नेकपा माओवादी केन्द्रबाट उपमेयरको उम्मेदवार बनेकी थिइन् । निर्वाचनपश्चात् ठाकुर नेपाली कांग्रेसमा प्रवेश गरेकी छन् । उनले छठ पर्वको अवसरमा कविलासी नगरपालिका-७ का महिलालाई साडी वितरण गरेकी हुन् । साडी वितरण गर्दै उनले समाजका पर्व र संस्कृतिले एकता, भ्रातृत्व र मेलमिलापमा थप सहयोग पुग्ने धारणासमेत राखिन् ।

## बाँकेमा आलु उत्पादनमा वृद्धि

नेपालगञ्ज । बाँके जिल्लामा यो वर्ष आलुको उत्पादन वृद्धि हुने भएको छ । गत वर्ष बाँकेमा ३८ हजार ४७५ मेट्रिक टन उत्पादन भएको थियो । यो वर्ष पनि मौसम अनुकूल भएको समयभित्र आलु रोपिएकाले उत्पादन राम्रो हुने प्राविधिकको भनाइ छ । यस जिल्लामा काडनर, लालगुलाब, टिपिएस जातको आलु बढी उत्पादन हुने गरेको छ । यहाँका कृषकले कोहलपुरस्थित शीतभण्डारबाट आलुको बीउ खरीद गर्ने गरेको नेपालगञ्ज उपमहानगरपालिका कृषि शाखा प्रमुख जीवनकुमार केसीको भनाइ छ । जिल्लाको हिरमिनिया, सीतापुर कोहलपुर, नौबस्तालगायतको क्षेत्रलाई आलु उत्पादन विशेष क्षेत्रका रूपमा विकास गरिएको छ । बैजनाथको टिटिहिरियामा स्थानीय 'थारू जात' को आलुको पनि राम्रो उत्पादन हुँदै आएको छ । यो क्षेत्रमा किसानले आलुखेती व्यावसायिक रूपमा गर्दै आएका डुडुवा गाउँपालिका हिरमिनियाका किसान इफरादअलि दर्जीले बताए । मौसममा उत्पादन भएको आलु प्रयोग बाह्रै महीना गर्ने उद्देश्यले बाँकेको कोहलपुरमा आलुका लागि शीतभण्डारको निर्माण गरिएको छ । जिल्लाको बैजनाथ गाउँपालिकाको पेडारीमा अर्को शीतभण्डार निर्माण भइरहेको छ । बाँकेमा मागभन्दा कम आलु उत्पादन हुने गरेकाले भारतबाट समेत आलु आयात हुने गरेको आलुका थोक व्यापारी जङ्गली कुम्हारले जानकारी दिए । जिल्लामा दुई हजार ८५० हेक्टरमा आलु खेती हुँदै आएको छ ।

## प्रेस स्वतन्त्रतामा सम्झौता हुँदैन : आचार्य

विराटनगर । नेपाल पत्रकार महासङ्घका सभापति गोविन्द आचार्यले प्रेस स्वतन्त्रताको विषयमा कसैसँग पनि सम्झौता नहुने बताएका छन् । विराटनगरमा बुधबार पत्रकारहरूसँग छलफल गर्दै उनले प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी कुनैपनि हुने निर्णय वा तर्जुमा गरिने कानून स्वीकार्य हुँदैन भने ।उनले आम सञ्चारसम्बन्धी कानून बनिरहेको जानकारी दिँदै सञ्चारसम्बन्धी संरचना कस्तो बनाउने भन्ने विषयमा विराटनगरमा छिटै सम्मेलन गर्न लागिएको पनि बताए । सभापति आचार्यले मुलुकी संहिताले स्वतन्त्र पत्रकारितामा अङ्कुश लगाउन खोजेकामा यसलाई समाधान गर्न बनेको कार्यदलबाट सकारात्मक कार्य हुनेमा जोड दिए ।

## प्रेस फोरममा यादव

कपिलवस्तु । संघीय प्रेस फोरम कपिलवस्तुको प्रथम अधिवेशनले दिलीप कुमार यादवको नेतृत्वमा नयाँ कार्य समिति चयन भएको छ । मंगलबार भएको प्रथम साधारण सभा एवं प्रथम अधिवेशनबाट सर्वसहमतिले नयाँ कार्य समिति चयन भएको हो । जसको उपाध्यक्षमा सोना खटिक, सचिव निरहू यादव, सहसचिव प्रतिमा विश्वकर्मा, कोषाध्यक्ष देवानन्द ठाकुर र सदस्यहरूमा राम लखन जयसवाल, सविता गुप्ता, कृष्ण बहादुर कुवँर, सुग्रीम यादव, सहबाज खाँन, विनय चौबे लगायत १३ सदस्यीय कार्यसमिति चयन भएको छ । संघीय प्रेस फोरमका जिल्ला अध्यक्ष रामसेवक यादवको अध्यक्षता, संघीय समाजवादी फोरमका केन्द्रिय सदस्य एवं प्रदेशसभा सदस्य शहसराम यादवको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा फोरमका जिल्ला अध्यक्ष शैलेन्द्र यादव, जिल्ला सदस्य रामनेवास यादव लगायतका अतिथिहरूको सहभागिता रहेको थियो ।

## बोक्सीको आरोपमा निर्घात कुटपिट

धनुषा । एक महिलामाथि बोक्सीको आरोपमा निर्घात कुटपिट गरिएको छ । सबैला नगरपालिका-१२ रघुनाथपुर निवासी ३७ वर्षीया जुलेखा खातुनले बोक्सीको आरोपमा आफूमाथि कुटपिट गरी क्रूर अमानवीय व्यवहार गरिएको भन्दै प्रहरीमा जाहेरी दिएपछि घटना बाहिरिएको हो । जिल्ला प्रहरी कार्यालय धनुषामा पीडित खातुनले आफूलाई छ जना स्थानीयवासीले बोक्सीको आरोप लगाउँदै निर्ममतापूर्वक कुटपिट गरेको भन्दै जाहेरी दिएकी छन् । स्थानीय रहिमन कवारीकी पत्नी खैतुन खातुन, जुमरात राइनकी पत्नी अजिमा खातुन, ओकराहावाला भन्ने जुमरत राइन, मो हबिब राइन, मो. समिम राइन र अैलुन राईनलगायतका व्यक्तिले बोक्सी भन्दै आफूमाथि कुटपिट गरेको पीडित खातुनले जाहेरीमा उल्लेख गरेकी छिन् ।


ह्यारी भण्डारीले अमेरिका मेरिल्याण्डमा प्रदेशसभाको चुनाब जिते । नेपालमा पनि काठमाडौंमा कुनै मधेशी र मार्चवारमा कुनै शेर्पाले चुनाव जित्ने दिन आओस् । ५०,००० नसकौंला, हामी पनि बर्षको ५०० का लागि डिभी खोलौं । बिविधता र समावेशिताले बहुआयामिक विकासमा मद्दत गर्छ । अररो राष्ट्रवाद पतनको बाटो हो । **डम्बर खतिवडा**


नेपालमा दुतावास राख्ने तर भिसा जारी नगर्ने, अझ साधारणको पिडा छोडौं कुटनीतिक र अफिसियल राहदानीमा सरकारी काम काजको लागि जाँदा पनि पुजापाठ गरेर, भिख माग्या जस्तो भिषा माग्नुपर्ने, तर हामीले केहि अपबाद बाहेक सबैलाई भटाभट प्रसाद बाँड्या जस्तो भिषा बाड्नु पर्ने, के गर्ने होला, अब त अति नै भो । **कृष्ण हरि पुस्कर**


मधेश र भारतका केही ठाउँमा छठमा भाकल राख्ने चलन पुरानो हो, यसको व्रत सजिलो पनि छैन, आजदेखिको चलन पनि हैन, फेरि घस्रने हजारौं हुन्छन, म सानोमा आफै अचम्मित हुन्थे, मान्छेलाई ग्राभेल बाटोमा घिस्रेको देखेर डराउँथे, यसमा अरू समुदाय पनि थपिँदै गएकोले आस्था बढेकै देख्छु, अचम्म लाग्छ । **च्यावन घिमिरे**


नेपाललाई त्यागेर १५ वर्ष अगाडि अमेरिका छिरेका हरि भण्डारी अहिले "ह्यारी भण्डारी"को नाममा त्यहाँ चुनाव जित्दा नेपालमा खुशीयालीको सिमा छैन । तर, त्यहीँ नेपालमा राजेन्द्र महतो, उपेन्द्र यादव र महन्थ ठाकुरहरूले चुनाव जित्दा एक तप्कालाई टाउको दुख्छ भने अर्कोलाई तनाव हुन्छ । **विरेन्द्र के.एम**


१५ वर्ष अघि नेपालबाट अमेरिका गएका ह्यारीले उता चुनाव जित्दा रमाइलो मान्ने हामी नेपाली, उपेन्द्र यादवको नागरिकता केलाएर हेर्न र उनी नेपाली जनताका नेता हुन सक्छन् कि सक्दैनन् भनेर कुरा गर्न पनि रमाइलो मान्छौ । हामी अरूको उदारता मन पराउँछौं तर सिक्न भने खोज्दैनौं । **अदिती अधिकारी**


निर्मला हत्या र बलात्कारमा दोषी किटान नगर्ने पनि कुनै प्रतिवेदन हो ? राज्यको सम्पत्ति खर्चेर सुपारी चपाउने प्रतिवेदन जलाइदिए हुन्छ । प्रमाण मेट्नु पनि अपराधै हो भन्ने समितिलाई थाहा छैन ? यस्ता प्रहरी अधिकारीलाई कारबाहीको सिफारिस गर्नुपर्दैन ? **अभय श्रेष्ठ**


संघीय समाजवादी फोरम, नेपाल र राष्ट्रिय जनता पार्टीका नेता, कार्यकर्ता वा समर्थकले कुन नैतिकताको आधारमा प्रदेश २ को नाम "मधेश" राख्नुपर्छ भनेर भनी रहेका छन् । पार्टीको नाममा रहेको मधेश शब्द हटाउने अनि प्रदेशलाई मधेश बनाउने, यो कस्तो राजनीति ? सयकडौ मधेशी जनताको रगतमा लटपटिएका यी दुई पार्टीले लाजशरम पचाएकै हुन् ? **विकास ठाकुर**


यो मुलुकमा शासक, नेता, कर्मचारी, सेना, पुलिस, ठेकेदार, व्यापारी सवका सव 'वैधानिक लुटेरा' हुन् । यदि यिनीहरूको कालो धन जफत गरी राष्ट्रियकरण गरे खबौं रूपैंया बरावरको सम्पत्ति यो राष्ट्रको ढुकुटीमा सञ्चित हुन्छ जुन सम्पत्ति सदुपयोग गरेर मुलुकको विकास-निर्माणमा लगाउन सके यो मुलुक एक समृद्ध मुलुक बन्छ । **सागर सापकोटा**


जसरी हिजो जनजातिहरू ज्यानको बाजी राखेर पसिना बगाउन विदेसिएका थिए, त्यसरी नै आज विदेसिनेको संख्यामा पूर्वी तराई र पश्चिम तराईका वासिन्दा धैरै छन् । यसको मतलव अरू समुदायको तुलनामा गरिब मधेशी आज नयाँ लाहुरे बनिरहेका छन् । **आशिष झा**

# भारतका लागि आचार्य सिफारिस



काठमाडौं । सरकारले भारतका लागि नेपाली राजदूतमा निलाम्बर आचार्यलाई सिफारिस गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार साँझ बसेको मन्त्रीपरिषद बैठकले पूर्वमन्त्री आचार्यको नाम भारतका लागि नेपाली राजदूतमा सिफारिस गरेको एक मन्त्रीले राजधानीलाई जानकारी दिए । भारतका लागि नेपाली राजूदत दीपकुमार उपाध्याय प्रतिनिधिसभाको मंसिर २०७४ मा सम्पन्न निर्वाचनमा उम्मेदवार बन्न राजदूतबाट राजीनामा दिएसँगै रिक्त राजदूतमा सरकारले आचार्यको नाम सिफारिस गरेको हो । सरकारले यसअघि भारतका लागि नेपाली राजदूतमा निर्वाचन आयोगका पूर्व प्रमुख आयुक्त नीलकण्ठ उप्रेतीलाई सिफारिस गरेको थियो । सरकारको सो निर्णयको विरोध भएसँगै निर्णय निष्क्रिय बनेको थियो । त्यसपछि सरकारले आचार्यको नाम सिफारिस गरेको हो । आचार्य २०४७ सालमा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारको मन्त्री थिए । सरकारले मलेसियाका लागि नेपाली राजदूतमा उदयराज पाण्डे र युइएका लागि नेपाली राजदूतमा कृष्ण ढकाललाई सिफारिस गरेको छ । मन्त्रीपरिषदले जेनेभाको राजदूतको भने केही समय म्याद थप गर्ने निर्णय गरेको छ ।

# काठमाडौं-जनकपुरधाम पर्यटकीय बस सेवा सञ्चालन



जनकपुरधाम । दीपज्योती टुर्स एण्ड ट्राभल प्रालिले पहिलोपटक काठमाडौंबाट पर्यटकीय गन्तव्य जनकपुरसम्म पुग्नका लागि पर्यटकीय बस सेवा सञ्चालनमा ल्याएको छ । यसअघि काठमाडौं-पोखरा बस सञ्चालन गरेको ट्राभलले आइतबारदेखि काठमाडौं-काभ्रे-सिन्धुली-बर्दिबास हुँदै जनकपुरसम्म बस सञ्चालनमा ल्याएको हो । प्रालिका सञ्चालक टङ्क थापाले प्रदेश नं २ र नेपालकै प्रमुख धार्मिकस्थल जनकपुरलाई पर्यटनसँग जोड्न उक्त बस सञ्चालनमा ल्याएको बताए । काठमाडौंको सोह्रखुट्टेबाट बस बिहान ७ बजे छुट्ने उनको भनाइ छ । टुरिष्ट बस एशोसिएसन अफ नेपाल (टिवान)का अध्यक्ष प्रह्लाद लोहनीले मुलुकको पर्यटन विकासका लागि काठमाडौं-जनकपुर पर्यटकीय बस सञ्चालन सेवाले ठूलो सहयोग पुग्ने बताए । सन् २०२० सम्म २० लाख विदेशी पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा गर्न यस्ता सेवाले सहयोग पुग्ने उनको भनाइ छ । दैनिक आन्तरिक तथा बाह्य हजारौं पर्यटकलाई ओहोरदोहोर गराउने पर्यटकीय बसका लागि छुट्टै बसपार्क नहुँदा समस्या परेको छ । काठमाडौंको कान्तिपथबाट पर्यटक बोकेर देशका विभिन्न पर्यटकीय भूभाग जाने गरेका पर्यटकीय बस यतिबेला बसपार्कको अभावका कारण सोह्रखुट्टे सडकबाट यात्रु बोकेर जान बाध्य छन् ।

# भारतीय गृहमन्त्री र मुख्यमन्त्री जनकपुर आउँदै

जनकपुरधाम । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर नआउने भएसँगै भारतका गृहमन्त्री राजनाथ सिंह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ जनकपुर आउने भएका छन् । जनकपुरमा मनाइने रामजानकी महोत्सवमा सहभागी हुन सिंह र योगी नेपाल आउन लागकेका हुन् । रामजानकी महोत्सव भारतमा पनि भव्यताका साथ मनाइन्छ । सोही कार्यक्रममा सहभागी हुन विवाह पञ्चमीमा सहभागी हुन सिंह र योगी नेपाल आउन लागेको बताइएको छ । भारतको आन्तरिक राजनीतिमा देखिएको संवेदनशिलता र नोभेम्बरमा हुन लागेको पाँच राज्यको चुनावका कारण प्रधानमन्त्री मोदीको नेपाल भ्रमण स्थगित भएको हो । मोदी पाँचौ पटक नेपाल आउन लागेका थिए तर उक्त कार्यक्रम नजिकिँदो निर्वाचनसँगै विवादहरू पनि देखिन थालेकाले आउन नसकेका हुन् । उनको सट्टामा भारतबाट सिंह र योगी नेपाल आउन लागेका हुन् । मोदी चुनाव प्रचारमा व्यस्त भएकाले नेपाल भ्रमण रद्द गरिएको बताइएको छ ।

# "इपिजी प्रतिवेदन कार्यान्वयन हुन्छ"

काठमाडौं । नेपाल-भारत सम्बन्धका सबै पक्षलाई समेटेर सुझावसहितको प्रतिवेदन पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन दुवै देशका सरकार प्रमुखसमक्ष चाँडै पेश हुने र त्यो कार्यान्वयन पनि भएरै छाड्ने एकजना मन्त्रीले बताएका छन् ।

"नेपाल-भारत सम्बन्धलाई एक्काइसौं शताब्दी सुहाउँदो बनाउन प्रतिवेदनले आधार तयार गरेको छ जसले पारस्परिक सम्बन्धलाई अझ प्रगाढ तुल्याउन मद्दत गर्नेछ," इपिजी प्रतिवेदनका विशेषता सुनाउँदै सञ्चारकर्मीमाझ उनी भन्छन् । इपिजीका एकजना सदस्य प्रधानमन्त्रीको परराष्ट्र मामिला सल्लाहकारमा नियुक्त तथा अर्का सदस्य भारतका लागि राजदूतमा सिफारिश भएपछि इपिजीको प्रतिवेदन भर्सेलामा पर्ने आशंकालाई चिर्दै ती मन्त्रीले प्रतिवेदनको प्रतिरक्षा गरेका हुन् ।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले आफ्नै मन्त्रालयमा भएको नियमित पत्रकार भेटघाट कार्यक्रममा भारतका प्रधानमन्त्रीको व्यस्तताका कारण प्रतिवेदन पेश गर्न विलम्ब भएको बताए । "दुवै देशका प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेश हुनेछ र त्यसको कार्यान्वयन पनि हुनेछ," नेपाल-भारत सम्बन्धलाई एक्काइसौं शताब्दी सुहाउँदो बनाउन त्यसलाई पुनःपरिभाषित एवं पुनःरचना गर्ने मनसायले नै दुवै देशका प्रधानमन्त्रीले प्रबुद्ध व्यक्ति समूह गठन गरी प्रतिवेदन तयारीको जिम्मेवारी दिनुभएको उाले स्पष्ट गरे । श्रीलङ्कामा गहिरिँदै गएको राजनीतिक सङ्कट वार्ताको माध्यमबाट समाधान हुनुपर्ने नेपालको अभिमत प्रकट गर्दै मन्त्री ज्ञवालीले त्यहाँ विकसित घटनाक्रमलाई नेपालले नजिकबाट नियालीरहेको बताए ।

समसामयिक विषयमा भएको सवालजवाफका क्रममा उनले प्रजातान्त्रीकरणको प्रक्रियातर्फ उन्मुख भुटानले दशकौंदेखि नेपालमा शरणार्थी जीवन बिताइरहेका करिब छ हजार ९०० आफ्ना नागरिकलाई ससम्मान स्वदेश फर्काउने विश्वास व्यक्त गरे । उनीहरूलाई स्थानीय नेपालीसँग कुनैपनि हालतमा एकीकरण नगरिने अडान पनि परराष्ट्रमन्त्रीले दोहोऱ्याए ।

# नेपाल प्रहरीलाई अवार्ड

काठमाडौं । सूचना प्रविधिको उत्कृष्ट प्रयोग गरी कार्य गरेबापत सरकारी संस्थालाई दिइने 'डिजिटल गभर्नमेन्ट अवार्ड' नेपाल प्रहरीले प्राप्त गरेको छ । जापानस्थित एशियन-ओसिएनियन कम्प्युटिङ इन्डष्ट्री अर्गनाइजेसनद्वारा प्रदान गरिने 'एशोसिओ डिजिटल गभर्नमेन्ट अवार्ड-२०१८' प्राप्त गरेको नेपाल प्रहरीका प्रवक्ता उत्तमराज सुवेदीले जानकारी दिए । जापानको टोकियोमा कात्तिक २२ गते भएको एशोसिओ समिटमा कम्प्युटर एशोसिएशन नेपाल महासङ्घका कार्यकारी सदस्य डा अभिजित गुप्ताले ग्रहण गरेको उक्त अवार्ड बुधबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई हस्तान्तरण गरे । संस्थाले एशोसिओ आउटस्टयाण्डिङ कम्पनी, आउटस्टयाण्डिङ युजर अर्गनाइजेशन, डिजिटल गभर्नमेन्ट र आइसिटी एजुकेशन गरी चार विधामा अवार्ड वितरण गर्ने गर्छ । त्यसमध्ये नेपाल प्रहरीले सूचना प्रविधि क्षेत्रको महत्वपूर्ण अवार्ड प्राप्त गरेको हो ।

# आर्थिक समाचार

## सहकार्यका लागि सहमति

काठमाडौं । बैंकिङ्ग फाइनान्स र इन्स्योरेन्स इन्ष्टिच्यूट अफ नेपाल र बंगलादेश इन्ष्टिच्यूट अफ बैंक म्यानेजमेन्ट, ढाका, बंगलादेश बीच बैकिङ्ग तथा वित्तीय क्षेत्रको जनशक्ति विकास सम्बन्धमा दिर्घकालीनरूपमा सहकार्य गर्ने सम्बन्धी सहमतिपत्रमा एक समारोहका बीच ढाका स्थित बंगलादेश इन्ष्टिच्यूट अफ बैंक म्यानेजमेन्टको कार्यालयमा हस्ताक्षर सम्पन्न भएको छ । सहमतिपत्रमा बैंकिङ्ग फाइनान्स एण्ड इन्स्योरेन्स इन्ष्टिच्यूट अफ नेपालको तर्फबाट संस्थाका अध्यक्ष तथा प्रबन्ध संचालक डा. विनोद आत्रेय र बंगलादेश इन्ष्टिच्यूट अफ बैंक म्यानेजमेन्टको तर्फबाट उक्त संस्थाका डाइरेक्टर जनरल डा.तोफिक अहमद चौधरीले हस्ताक्षर गरेका छन् ।

## रेमिटमा सुविधा थप

काठमाडौं । एनआईसी एसिया बैङ्कले तिहार र छठको अवसरमा थप सुविधा ल्याएको छ । नयाँ योजना अन्तर्गत तीन पटकको सट्टामा मात्र हरेक दुई पटक रकम पठाउँदा एक पटक सित्तैमा पठाउन पाउने अवसर प्रदान गरेको छ । एनआईसी एसियाले तिहार र छठको अवसरलाई ध्यानमा राख्दै समस्त ग्राहक महानुभावलाई नेपालभर एक ठाउँबाट अर्को ठाउँमा आन्तरिक विप्रेषण रकम पठाउँदा हरेक तेस्रो कारोबार सित्तैमा पठाउने छुट प्रदान गरेको हो।उक्त विप्रेषण रकम यस बैङ्कका मुलुकभर फैलिएका २६५ शाखा कार्यालय, २९ वटा एक्सटेन्सन काउन्टर ,१८ वटा शाखा रहित बैङ्किङ एकाइ एवं छ हजार सात सय भन्दा बढी सहायक प्रतिनिधिमार्फत सरल र सुलभ रूपमा भक्तानी पाउन पाउन सकिने उक्त बैङ्कले जनाएको छ ।

## ग्लोबल आईएमई र एसिएन लाइफबीच सम्झौता

ग्लोबल आईएमई बैंक र एसिएन लाइफ इन्स्योरेन्स कम्पनीबीच सम्झौता भएको छ । बैंकास्योरेन्ससम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्याल र एसियन लाइफका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजेश कुमार श्रेष्ठले हस्ताक्षर गरेका छन् । हस्ताक्षरपछि बैंकको एक सय ३२ वटै शाखाहरू मार्फत एसियन लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा योजनाहरू खरिद गर्नुका साथै जीवन बीमासम्बन्धी सम्पूर्ण सेवाहरू छिटो ,छरितो एंव भरपर्दो माध्यमबाट प्राप्त गर्न सकिनेछ । बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङसेवाको पहुँच पुऱ्याउने उद्देश्यले विभिन्न स्थानमा शाखा,एक्सटेन्सन काउन्टर तथा शाखारहित बैंकिङ सेवामार्फत आफ्ना ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ ।








# लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा **मधेशवाणी**मा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं